# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो ⁄ जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ३१५ | काठमाडौं | मंगलबार, २७ फागुन २०८१ | Prabhab National Daily | Tuesday, March 11, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# काठमाडौंका विभिन्न स्थानमा दुई महिनाका लागि निषेधाज्ञा

## अनसन, धर्ना, घेराउ, जुलुस प्रदर्शन, सभालगायतका विरोध कार्यक्रम गर्न रोक




■ प्रभाव संवाददाता

**काठमाडौं–** जिल्ला प्रशासन कार्यालय काठमाडौंले काठमाडौंका विभिन्न स्थानमा निषेधाज्ञा जारी गरेको छ । प्रशासनले आगामी दुई महिनासम्म तोकिएका क्षेत्रमा भेला भइ अनसन, धर्ना, घेराउ, जुलुस प्रदर्शन तथा सभालगायतका कार्यक्रम गर्न नपाउनेगरी सोमबार निषेधाज्ञा जारी गरेको हो ।

यसरी निषेधाष जारी गरिएका स्थान कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका कार्यालय, अति विशिष्ट व्यक्तिहरूको निवास तथा मुख्य प्रशासनिक केन्द्र र सो आसपासका क्षेत्र रहेका छन् ।

'त्यसरी कार्यक्रम आयोजना गर्दा उत्तेजित भीडबाट तोडफोड, आगजनीजस्ता उछृंखल तथा अवाञ्छित गतिविधि हुनसक्ने र आपसी मूठभेड, भीडन्त एवं हुलदंगा वा अशान्ति भई अत्यावश्यक सेवा, सार्वजनिक सेवा प्रवाह, सार्वजनिक यातायात, सार्वजनिक सम्पत्ति र समग्र शान्ति सुरक्षामा गम्भीर असर पर्न जाने हुँदा अन्तर्राष्ट्रिय अभ्यास र यसअघि अदालतबाट भएको आदेश एवं फैसलालाई मध्यनजर गरी निषेध आदेश जारी गरिएको छ,' काठमाडौंका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले भने ।

⏭ क्रमशः पृष्ठ २ मा

### यी हुन् धर्ना जुलुस गर्न नपाइने स्थलहरू

शीतलनिवास (राष्ट्रपति कार्यालय महाराजगञ्ज क्षेत्र) को उत्तर पूर्वतर्फ राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान अगाडिको चोकसम्म, पूर्वदक्षिणतर्फ सामाखुसी जाने मोटदेखि १०० मिटर दक्षिणसम्म, दक्षिण पश्चिमतर्फ सामाखुसी जाने मोडदेखि सामाखुसी खोलासम्म निषेध स्थल तोकिएको छ ।

त्यसैगरी हरित गृह (उपराष्ट्रपति कार्यालय) लैनचौर क्षेत्रको केशरमहल चोकदेखि लैनचौर मोड हुँदै मल्ल होटलको सिमानासम्म निषेधाज्ञा क्षेत्र निर्धारण गरिएको छ ।

सिंहदरवार क्षेत्रअन्तर्गत भद्रकाली मन्दिर, तीनकुने आइल्याडको पूर्वी कुनादेखि पूर्वतर्फ सिंहदरबार मूल गेटसम्म, सिंहदरबार मूलगेट अगाडिदेखि उत्तरतर्फ पद्मोदय माविको मोडसम्म । त्यसैगरी पद्मोदय मोडदेखि पूर्वतर्फ महालेखापरीक्षक कार्यालय अगाडि हुँदै अनामनगरतर्फ जाने सिंहदरवारको उत्तर पूर्वी मोड र सो मोडदेखि सिंहदरबार पूर्वीगेट हुँदै हनुमानस्थान मन्दिरसम्म, सिहदरवार मूलगेट अगाडिदेखि दक्षिणतर्फ सर्वोच्च अदालत अगाडि हुँदै पुरातत्त्व विभागको चोकसम्म, पुरातत्त्व विभागको चोकदेखि

⏭ क्रमशः पृष्ठ २ मा

# बलियो सरकार कमजोर संसदीय समिति

- अधिकांश संसदीय समितिको नेतृत्वमा सत्तारूढ दलका सांसद भएकाले सत्तारूढ दलको निर्देशनअनुसार काम गर्न बाध्य हुने
- कुनै विधेयकमा चर्को आवाज उठे सबैभन्दा पहिले पार्टीहरूको बैठक बस्ने, त्यहाँबाट जे निर्णय हुन्छ त्यही सदन र संसदीय समितिमा पुग्ने
- जब सरकार बलियो हुन्छ, तब संसदीय समितिहरु कमजोर हुने विश्लेषकहरूको भनाइ



संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको सोमबार सिंहदरबारमा बसेको बैठक । *तस्बिरः रासस*

■ प्रभाव संवाददाता

**काठमाडौं–** एक वर्षअघि सभामुख देवराज घिमिरेले हप्तामा तीन दिन प्रतिनिधिसभाको बैठक र तीन दिन संसदीय समितिको बैठक गर्ने गरी संसद्को क्यालेण्डर प्रस्ताव गरेका थिए । संसदीय समिति प्रभावकारी नदेखिएपछि सभामुख घिमिरेले दलका प्रमुख सचेतकहरूसँग बसेर संसद्को क्यालेण्डर बनाउने प्रस्ताव गरेका हुन् ।

पुस १९, २०८० मा सभामुख घिमिरेले यसबारे सार्वजनिकरूपमै मुख खोलेका थिए । यही म्याण्डेटअनुसार गत साउनमा संघीय संसद् सचिवालयले प्रतिनिधिसभाको संसदीय क्यालेण्डर बनायो । तर उक्त क्यालेण्डर संसदीय समितिले पालना नगरेको संसद् सचिवालयले जनाएको छ ।

प्रतिनिधिसभामा १० वटा विषयगत समिति छन् । जसमा अर्थ समिति, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति, कानुन, न्याय तथा मानवअधिकार समिति, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति, महिला तथा सामाजिक मामिला समिति, राज्य व्यवस्था तथा सुशासन समिति, पूर्वाधार विकास समिति, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति, सार्वजनिक लेखा समिति रहेका छन् । सदन नियमित चल्दा पनि संसदीय समितिहरूको बैठक भने चल्न सकेको छैन ।

### को छन् सभापति ?

अर्थ समितिका सभापति सन्तोष चालिसे हुन् । उनी सत्तारुढ दल नेपाली कांग्रेसका सांसद हुन् । अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सभापति राजकिशोर यादव जनता समाजवादी पार्टी नेपालका हुन् । उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति जनमत पार्टीका अब्दुल खाँण हुन् । कानुन, न्याय तथा मानवअधिकार समितिकी सभापति विमला सुवेदी एमाले सांसद हुन् । कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा कांग्रेसकी कुसुमदेवी थापा सभापति छिन् । महिला तथा सामाजिक मामिला समितिको सभापति एमालेका किरणकुमार साह हुन् । राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडा हुन् । उनी नेपाली कांग्रेसका सांसद हुन् । यता पूर्वाधार विकास समितिका सभापति दीपकबहादुर सिंह राप्रपा नेता हुन् ।

⏭ क्रमशः पृष्ठ २ मा

### यसकारण कमजोर छन् संसदीय समिति

सांसदलाई विधायक पनि भनिन्छ । जसको अर्थ हो विधान अथवा कानुन निर्माण गर्नु । यसका लागि सदनमा र मिनी संसद्को रूपमा चिनिने संसदीय समितिमा दफावार छलफल हुन्छ । तर नियमित अभ्यास हेर्ने हो भने सांसदहरू दलको ह्वीप मान्छन् र आफ्नो विचार सदन र संसदीय समितिमा प्रस्तुत गर्न सक्दैनन् । राष्ट्रिय सभा सदस्य कृष्णप्रसाद सिटौला पनि यस विषयमा सहमत देखिन्छन् 'कुनै विधेयकमा चर्को आवाज उठे सबैभन्दा पहिले पार्टीहरूको बैठक बस्छ । त्यहाँबाट जे निर्णय हुन्छ त्यो संसद्मा पुग्छ,' शुक्रबार ललितपुरको गोदावरीमा आयोजना गरेको राष्ट्रिय सभाको औचित्यमाथिको छलफलमा सिटौलाले भनेका थिए, 'सत्ताले ह्वीप लगाइदिएपछि सांसदको केही चल्दैन ।'

यता बलियो सरकार हुँदा संसदीय समिति कमजोर हुने बताउँछन् संसद् सचिवालयका प्रवक्ता गिरी । 'जब सरकार बलियो हुन्छ, तब संसदीय समितिहरू कमजोर हुन्छन्,' गिरीले भने । जसरी सदन प्रतिपक्षको भनिन्छ, संसदीय समिति पनि प्रतिपक्ष बन्न सकेमात्र प्रभावकारी हुने सांसदहरू स्वीकार्छन् । तर अधिकांश संसदीय समितिहरूको नेतृत्वमा सत्तारुढ दलका सांसदहरू छन् । जसका कारण पनि संसदीय समिति सत्तारुढ दलको निर्देशनअनुसार काम गर्न बाध्य हुने बताइन्छ ।

**सन्दर्भः वैदेशिक रोजगार**

# 'आन्तरिक रोजगार प्रवर्द्धन दशक' घोषणा

## स्वदेशमै रोजगारी सुनिश्चित गरी बाध्यात्मक वैदेशिक रोजगार अन्त्य गर्ने लक्ष्य

■ ममता थापा

**काठमाडौं–** सरकारले मुलुकमै रोजगारीको सुनिश्चितता गर्ने उद्देश्यका साथ 'आन्तरिक रोजगार प्रवर्द्धन दशक' घोषणा गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सोमबारबाट राजधानीमा आयोजना गरेको श्रम तथा रोजगार सम्मेलन उद्घाटनको क्रममा यस्तो घोषणा गरेको हो ।

मन्त्रालयले सन् २०२५ देखि २०३५ सम्मलाई आन्तरिक रोजगार प्रवर्द्धन दशक घोषणा गरी आन्तरिक रोजगार प्रवर्द्धन गर्ने जनाएको छ । बाध्यकारी वैदेशिक रोजगारलाई अन्त्य गर्ने लक्ष्य लिएको सरकारले आन्तरिक रोजगारका क्षेत्र पहिचान, विस्तार र प्रवर्द्धनका लागि रोजगार सम्मेलन आयोजना गरेको हो ।

सम्मेलनको उद्घाटन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्य प्राप्तिमा यस १० वर्षे रणनीति महत्त्वपूर्ण साबित हुने बताए । समृद्ध र सुखी हुने साझा लक्ष्य प्राप्तिका लागि पार गर्नुपर्ने विभिन्न चरणमध्ये यो अर्को चरण भएको उनको भनाइ थियो ।

प्रधानमन्त्री ओलीले मुलुकमा भएका रोजगारीबाट खर्च गरेर बचत गर्नसक्ने अवस्था नरहेको स्वीकार गरे । 'अहिले निर्माण व्यवसायमै पनि २० लाख जनशक्ति आवश्यक छ भनिएको छ । तर मान्छे बाहिर गइनै रहेका छन्, किन ?,' उनले भने, 'आम्दानी थोरै छ । खर्च गरेर बचत गर्नसक्ने अवस्था छैन ।'

बिमाले मात्र सबै धान्ने स्थिति नरहेको उनले बताए । 'पैसा छैन उपचार गरिदेऊ भन्दा पनि कसैले दिँदैन । अझ रिफ्रेसमेन्टको कुरा त कल्पनाभन्दा बाहिर जस्तो छ । त्यसैले यति लाख रोजगारी सिर्जना भयो भन्दा पनि जीवनयापन सहज बनाउने खालका रोजगारी चाहिन्छ,' प्रधानमन्त्री ओलीले भने । त्यसैगरी, मुलुकमा जागिर खाने प्रवृत्ति बढेको उल्लेख गर्दै उनले सबै जागिरमात्र खान खोज्ने हो भने रोजगारी कसले दिन्छ ? भन्दै प्रश्न गरे । उद्यमशीलता प्रवर्द्धनबाट मात्र रोजगारी सिर्जना हुनसक्ने उनको भनाइ थियो ।

नेपालीहरू श्रम गर्न रुचाउने र साउदी, कतार, युएईजस्ता खाडी मुलुक पनि हाम्रै श्रमशक्तिले बनाएको प्रधानमन्त्री ओलीले दाबी गरे । 'मरुभूमि त बनाए भने प्राकृतिक स्रोतले धनी आफ्नो मुलुक बनाउन नेपालीहरू सक्षम छन्, मात्र स्वदेशमै टिकाउन सक्ने अवसर सिर्जना गरिदिए पुग्छ,' उनले भने ।



**श्रम तथा रोजगार सम्मेलन–२०८१**

अर्को प्रसंगमा प्रधानमन्त्री ओलीले रोजगारी सिर्जना गर्न निजी क्षेत्रको असाधारण भूमिका रहेको बताए । रोजगारी सिर्जना र उद्यमशीलता प्रवर्द्धन सरकारको उच्च प्राथमिकतामा रहेको उल्लेख गर्दै उनले मुलुकको अर्थतन्त्रलाई निजी क्षेत्रले नेतृत्व गर्नुपर्नेमा जोड दिए ।

सोही समारोहमा बोल्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले प्रत्येक वर्ष श्रमबजारमा आउने श्रम शक्तिलाई स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्ने तथा वैदेशिक रोजगारीलाई मर्यादित, व्यवस्थित र सुरक्षित बनाउने सरकारको योजना रहेको बताए ।

⏭ क्रमशः पृष्ठ २ मा

### कसले के भने ?

मरूभूमि त बनाए भने प्राकृतिक स्रोतले धनी आफ्नो मुलुक बनाउन नेपालीहरु सक्षम छन्, मात्र स्वदेशमै टिकाउन सक्ने अवसर सिर्जना गरिदिए पुग्छ । यो १० वर्षे रणनीतिले यसमा महत्त्वपूर्ण भूमिका खेल्ने छ ।

**■ केपी शर्मा ओली**
**प्रधानमन्त्री**

प्रत्येक वर्ष श्रमबजारमा आउने श्रम शक्तिलाई स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्ने तथा वैदेशिक रोजगारीलाई मर्यादित, व्यवस्थित र सुरक्षित बनाउने योजनामा लक्षित छ, आन्तरिक रोजगार प्रवर्द्धन दशक ।

**■ शरत्सिंह भण्डारी**
**मन्त्री, श्रम, रोजगार तथा सामाजिक सुरक्षा**

रोजगारीको सुनिश्चितता, उद्यमशीलता प्रवर्द्धन र निराशा चिर्दै आशा जगाउन निजी क्षेत्रलाई प्रोत्साहित गर्नुपर्ने आवश्यकता ठानी नवीन कार्यक्रम अघि बढाइएको छ ।

**■ दामोदर भण्डारी**
**मन्त्री उद्योग, वाणिज्य तथा आपूर्ति**

बाध्यकारी वैदेशिक रोजगारी अन्त्य, अन्तर्राष्ट्रिय श्रमबजारमा प्रतिस्पर्धी सीपमूलक जनशक्ति निर्यात, द्विपक्षीय श्रम सम्झौतामा सामाजिक सुरक्षाको सुनिश्चितता तथा दोहोऱ्याएर वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य गर्ने सरकारको दृष्टिकोण रहेको छ ।

**■ डा. युवराज खतिवडा**
**प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार**

जब निजी क्षेत्रले निर्धक्क ढंगले उद्यमशीलता बढाउन सक्छ, तबमात्र रोजगारीका अवसर सिर्जना हुन सक्छन् । नीति निर्माण प्रक्रियामा रहेकाले यसतर्फ ध्यान दिनुपर्छ ।

**■ चन्द्रप्रसाद ढकाल**
**अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ**

श्रमिकको न्यूनतम पारिश्रमिक वृद्धि, सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयन तथा श्रम ऐनका मजदुर विरोधी प्रावधान खारेजी गरेर असल श्रम सम्बन्धको वातावरण निर्माण गरिनुपर्छ ।

**■ जगत सिंखडा**
**अध्यक्ष, जेटियुसिसी**

# दोस्रो चरणको आन्दोलनमा शिक्षक महासंघ

**काठमाडौं (प्रस)**– नेपाल शिक्षक महासंघले दोस्रो चरणको आन्दोलन घोषणा गरेको छ । सोमबार यहाँ आयोजित पत्रकार सम्मेलनमा महासंघका अध्यक्ष लक्ष्मण किशोर सुवेदीले पहिलो चरणको आन्दोलनका माग सुनुवाइ नभएकाले दोस्रो चरणको आन्दोलन गर्नुपरेको बताए ।

महासंघले यही फागुन २४ गते पहिलो चरणको आन्दोलन गरेको थियो । विद्यालय शिक्षा विधेयक छिटो अगाडि नबढेकामा महासंघको आपत्ति छ ।

महासंघका अध्यक्ष सुवेदीले स्थायी, राहत, साविक उच्च मावि, अस्थायी, करार, बालविकास, सिकाइ अनुदान, विशेष शिक्षा, प्राविधिक धार, निजी तथा संस्थागत विद्यालयका शिक्षकलगायत सबैखाले शिक्षक र विद्यालय कर्मचारीको मुख्य मुद्दा शिक्षा ऐनबाट सम्बोधन हुनुपर्ने र विद्यालय, विद्यार्थी, शिक्षक र कर्मचारीमैत्री ऐन ल्याउने विषयमा आफूहरूको गम्भीर चासो रहेको बताए ।

उनका अनुसार दोस्रो चरणको आन्दोलनअन्तर्गत प्रमुख राजनीतिक दलका कार्यालयमा प्रतिनिधिमूलक धर्ना कार्यक्रम राखिएको छ । जसअनुसार फागुन २७ देखि चैत ५ गतेसम्म नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टीलगायत प्रमुख राजनीतिक दलका केन्द्रीय कार्यालयमा धर्ना दिइने कार्यक्रम रहेको अध्यक्ष सुवेदीले बताए ।

आन्दोलनकै क्रममा हरेक जिल्ला आन्दोलन परिचालन समितिले आफ्नो जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय सांसदसँग भेट गरी विद्यालय शिक्षा ऐन जारी गर्न दबाब सिर्जना गर्ने उनले बताए ।

यस्तै अध्यक्ष सुवेदीले चैत ५ गतेसम्म माग पूरा नभए चैत ७ गतेदेखि चैत १५ गतेसम्म काठमाडौंमा रिले अनसन र चैत २० गतेबाट अनिश्चितकालीन सडक आन्दोलनका कार्यक्रम अगाडि बढाइने बताए ।

पृष्ठ १ बाट क्रमशः

## बलियो सरकार...

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति एकीकृत समाजवादीका अम्मरबहादुर थापा हुन् । सार्वजनिक लेखा समितिमा एमाले सांसद ऋषिकेश पोखरेल सभापति छन् ।

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति (संयुक्त)मा एमालेका ठाकुर गैरे सभापति छन् भने संसदीय सुनुवाइ समिति (संयुक्त)मा कांग्रेसकी ईश्वरीदेवी न्यौपाने सभापति छन् ।

### संसदमा २८ विधेयक

संसद्मा २८ विधेयक छन् । जसमध्ये ११ वटा विधेयक संसदीय समितिमा दफावार छलफलका लागि पठाइएको संसद् सचिवालयले जनायो । यसपटकको अधिवेशनलाई सत्तारुढ दलले विधेयक अधिवेशन बनाउने घोषणा नै गरेको थियो । तर सदन अहिलेसम्म पाँच वटा विधेयकमै अड्केको छ । जुन विधेयकहरू अध्यादेशमार्फत ल्याएको थियो । 'सदनले पाँच वटा विधेयक पार लगाउने तयारी गरेको छ,' संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले भने । दुवै सदनबाट हालै स्वीकृत गरिएका पाँच अध्यादेशलाई विधेयकको रूपमा ल्याउन लागिएको हो ।

सदनले सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१ निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१, आर्थिक तथा व्यावसायिक वातावरण सुधार लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ र सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ स्वीकृत भएसँगै प्रतिस्थापन विधेयक आउन लागेको हो ।

■■■

## काठमाडौंका...

उनका अनुसार जिल्ला सुरक्षा समिति काठमाडौंको सिफारिसका आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) बमोजिम विगतदेखिकै निरन्तरताको रूपमा तोकिएका क्षेत्रमा आइतबारदेखि लागू हुनेगरी दुई महिनासम्मका लागि पाँच जनाभन्दा बढी व्यक्ति भेला जम्मा भई अनसन, धर्ना, घेराउ, जुलुस प्रदर्शन तथा सभाजस्ता विरोधका कार्यक्रम गर्न निषेध गरिएको हो ।

साथै देहायका निषेध आदेश जारी गरिएका क्षेत्रबाहेक स्थानमा नेपालको संविधानबमोजिम प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता एवं विनाहातहतियार शान्तिपूर्ण रूपमा भेला भई विरोधका कार्यक्रममा सहभागी हुन पाउने हक रहेको प्रति स्थानीय प्रशासन सदैव प्रतिबद्ध रहेको जनाइएको छ ।

जारी आदेशमा भनिएको छ, 'संविधान एवं प्रचलित कानुन प्रदत्त अधिकारको प्रयोग हुनेगरी गरेका विरोधका कार्यक्रमबाट सरकारी, सार्वजनिक एवं व्यक्तिगत सम्पत्तिमा हानि नोक्सानी र अति भएमा स्थानीय प्रशासन ऐन २०२८ तथा सार्वजनिक प्रदर्शन, हडताल, तथा विरोधका कार्यक्रमबाट हुने क्षति मूल्यांकनसम्बन्धी कार्यविधि, २०८१ बमोजिम क्षतिको मूल्यांकन गरी आयोजकबाट नै त्यस्तो क्षतिपूर्ति बापतको रकम असुल उपर गराइने व्यहोरा सम्बन्धित सबैमा स्मरण गराइएको छ ।'

■■■

## यी हुन् धर्ना...

सिंहदरवार दक्षिण गेट हुँदै हनुमानस्थान मन्दिरसम्म, जिल्ला अदालतको पूर्वी मोडको प्रवेश मारदेखि जिल्ला प्रशासन कार्यालय उत्तरतर्फको मोडसम्म निषेधाज्ञा क्षेत्र निर्धारण गरिएको छ ।

त्यसैगरी प्रधानमन्त्रीनिवास बालुवाटार क्षेत्रको बालुवाटार पवित्र वर्कशप चोकदेखि नेपाल राष्ट्र बैंक हुँदै इटालिया चोक र सो चोकदेखि भाटभटेनीतर्फ ५० मिटरसम्म, इटालिया चोकदेखि पश्चिमतर्फ राष्ट्रियसभा अध्यक्षको निवाससम्म र सो निवासदेखि गैह्रीधारा जाने सडकतर्फ १०० मिटरसम्म निषेधाज्ञा स्थल तोकिएको छ । प्रधानमन्त्री निवासको उत्तरपूर्वी मोडदेखि प्रधानन्यायाधीश निवासको मोडसम्म र सो मोडदेखि पश्चिमतर्फ १०० मिटरसम्म, प्रधानन्याधीश निवासको मोडदेखि पूर्वदक्षिणतर्फ राष्ट्रिय सभा अध्यक्षको निवासको मोडसम्म, राष्ट्र बैंक चोकदेखि पूर्वतर्फ जाने सडकको १०० मिटरसम्म निषेध स्थल तोकिएको छ ।

संसद् भवन नयाँ बानेश्वर क्षेत्रअन्तर्गत संसद् भवनको चारैतर्फको सडक क्षेत्र, संसद् भवनको दक्षिणपूर्वी मोडदेखि पूर्वतर्फ ३०० मिटरसम्म, बानेश्वर चोकदेखि पश्चिमतर्फ ३०० मिटरसम्म निषेधाज्ञा स्थल तोएिको छ ।

■■■

## आन्तरिक रोजगार...

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले निजी क्षेत्रले जोखिम मोलेरै भए पनि मुलुकको अर्थतन्त्र वृद्धिका लागि योगदान गरेको उल्लेख गर्दै निजी क्षेत्रलाई प्रोत्साहन गर्ने सरकारको नीति रहेको स्पष्ट पारे । 'सरकारले नीतिगत सुधारका विभिन्न आयाम अघि बढाएको छ, त्यसको प्रतिविम्ब अर्थतन्त्रमा देखिन थालेको छ,' उनले भने, 'रोजगारीको सुनिश्चितता, उद्यमशीलता प्रवर्द्धन र निराशा चिर्दै आशा जगाउन निजी क्षेत्रलाई प्रोत्साहित गर्नुपर्ने आवश्यकता ठानी नवीन कार्यक्रम अघि बढाइएको छ ।'

प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा. युवराज खतिवडाले बाध्यकारी वैदेशिक रोजगारी अन्त्य, अन्तर्राष्ट्रिय श्रमबजारमा प्रतिस्पर्धी सीपमूलक जनशक्ति निर्यात, द्विपक्षीय श्रम सम्झौतामा सामाजिक सुरक्षाको सुनिश्चितता तथा दोहोऱ्याएर वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य गर्ने सरकारको दृष्टिकोण रहेको बताए । उनले मुलुकको जनसंख्या, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षाजस्ता विषयमा विगत र अहिलेको तुलनात्मक स्थितिको अवगत गराए । जनसंख्या वृद्धिदर घट्नु मुलुकका लागि चिन्ताको विषय भएको उनले बताए । अन्य क्षेत्रमा भने विगतमा भन्दा धेरै सुधार भएको अध्ययनले देखाएको खतिवडाको भनाइ थियो ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रलाई निरुत्साहित गर्ने खालका नीतिगत अस्पष्टता तत्काल हटाएर जानुपर्नेमा जोड दिए । 'जब निजी क्षेत्रले निर्धक्क ढंगले उद्यमशीलता बढाउन सक्छ, तबमात्र रोजगारीका अवसर सिर्जना हुन सक्छन्,' उनले भने, 'नीति निर्माण प्रक्रियामा रहेकाले यसतर्फ ध्यान दिनुपर्छ, तत्काल कानुन संशोधन गरी लगानीमैत्री वातावरण बनाउनुपर्छ ।'

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी)का अध्यक्ष जगत सिंखडाले श्रमिकको न्यूनतम पारिश्रमिक वृद्धि गर्न, सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयन तथा श्रम ऐनका मजदुर विरोधी प्रावधान खारेजी गरेर असल श्रम सम्बन्धको वातावरण निर्माण गरिनुपर्ने बताए ।

कार्यक्रममा राष्ट्रिय सीप विकास प्रतिष्ठान र १० वटा रोजगारदाताबीच समझदारीपत्रमा हस्ताक्षर भएको थियो । प्रतिष्ठानले कम्प्युटर एसोसिएसन, होटल एसोसिएसन, निर्माण व्यवसायी महासंघ, तयारी पोसाक उद्योग, सुनचाँदी व्यवसायी महासंघलगायतसँग रोजगारीका लागि समन्वय गर्नेगरी सम्झौता भएको हो ।

त्यसैगरी स्वीस कन्टचाक्ट र श्रम मन्त्रालयबीच एकीकृत श्रमबजार सूचना प्रणाली विस्तारका लागि समझदारीपत्रमा हस्ताक्षर भएको थियो । यसले डिजिटल एप्लीकेसनमार्फत ७५३ वटै स्थानीय तहमा रोजगारी, तालिम र उद्यमशीलताका विषयमा सहज गराउने जनाइएको छ ।

उद्घाटनपछिको समूहगत छलफलमा 'आन्तरिक रोजगारी सिर्जनाका लागि सम्भावित क्षेत्रको पहिचान र प्रवर्द्धन,' 'नेपालमा रोजगार सुविधाको विकास र विस्तार' र 'वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप र पुँजीलाई उत्पादन र उत्पादकत्व अभिवृद्धिमा प्रयोग' शीर्षकका कार्यपत्र प्रस्तुत गरिएको थियो । छलफलमा निजी क्षेत्र, ट्रेड युनियन, अनुसन्धानकर्ता, विषयविज्ञलगायतको सहभागिता थियो । सोमबार सुरु भएको छलफललाई आज (मंगलबार) पनि निरन्तरता दिइने मन्त्रालयले जनाएको छ । सम्मेलन आजसम्म चल्ने छ ।


## धितोमा रहेको अचल सम्पत्ति लिलाम गर्ने १५ (पैतिस) दिने सार्वजनिक सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८१/११/२७ गते**

यस प्रवाह बहुउद्देश्यीय सहकारी संस्था लि.को तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा ब्याज दैदस्तुर सहित कार्यालयको लेना र कम चुक्ता भुक्तानी नगरेकोले पटक पटक मौखिक तथा लिखत तरताकेता गर्दा र पत्रिकामा कर्जा चुक्ता गर्न मिति २०८०/११/२४ मा ३५ दिने सार्वजनिक सूचना, मिति २०८१/०२/२२ मा १५ दिने सार्वजनिक सूचना, मिति २०८१/०४/०८ गते ३५ दिने धितो लिलामी सूचना तथा मिति २०८१/१०/२८ मा धितो लिलाम विक्री गर्ने १५ दिने सूचना प्रकाशित गर्दा समेत कुनै बोलपत्र समेत नपरेको हुँदा ऋणीले लिएको साँवा ब्याज दैदस्तुर समेत यस कार्यालयको सम्पूर्ण लेना रकम असुलउपर गर्न तपसिल निज ऋणीले राखेको उल्लेखित अचल सम्पत्ति गोप्य बोलपत्रद्वारा लिलाम विक्री गनुपर्ने भएकोले पुनः तेस्रो पटक धितो लिलाम विक्री गर्ने १५ दिने सार्वजनिक सूचना उल्लेखित शर्त बन्देजहरूको अधिनमा रहने गरी निम्न मिति, समय र स्थानमा लिलाम बढाबढ गर्न आउनु हुनको लागि यो सूचना प्रकाशित गरिएको छ । गर्दा वा अत उल्लेखित म्यादभित्र सम्पत्ति लिलाम विक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक फर्म, कम्पनी, संघसंस्था तथा सर्व साधारण महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफूले कबोल गरेको रकमसहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ। धितो लेखिदिएको सम्पत्ति लिलाम विक्री लियो यस सहकारी संस्था आफैले सकार गर्दा साविकमा यस संस्थाले मूल्याङ्कन गरेको रकमभन्दा कम मूल्यमा बोलकबोल भयो वा मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम बोलकबोल भयो वा सहकारी संस्था आफैले सकार गरी भनि कहिँकतै उजुरबाजुर गर्न पाइने छैन साथै सुरक्षणमा रहेको सम्पुर्ण सम्पत्ति लिलाम विक्रीबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा सम्बन्धित ऋणी सदस्य तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुलउपर गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**तपसिल :**

| ऋणीको विवरण | धितोको विवरण |
|---|---|
| **नाम** : राजेश महर्जन<br>**बुवा** : मचाम महर्जन<br>**बाजे** : ज्ञानमान महर्जन  | ऋणीको नाममा कलंकी मालपोत कार्यालयमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला च.न.पा.वडा नं.६ साविक थानकोट महादेवस्थान गा.वि.स.वडा नं.५ स्थित कित्ता नं.१०६८, क्षेत्रफल ८७.४३ वर्ग मि.को घरजग्गा र सोले चर्चेको लिग लगापात समेत । |

**शर्तहरू :**

१. बोलपत्र फाराम संस्थाको कार्यालय लखतिर्थ, चागल-१५ बाट रु.१,००/– (अक्षरमा एक सय मात्र) तिरी/बुझाई प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको खातामा जम्मा गनुपर्ने हुन्छ ।
३. लिलाम विक्री हुने सम्पत्ति हेर्न वा निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्न अगावै यस संस्थामा सम्पर्क गर्न सकिनेछ ।
४. रित नपुगी वा म्याद नाघेर पेश गरेको बोलपत्र स्वीकारयोग्य हुने छैन ।
५. बोलपत्र सदर हुनु अगावै ऋणीले सम्पूर्ण लेना रकम बुझाएमा प्राप्त बोलपत्रहरू रद्ध गरी धरौटी रकम फिर्ता दिन सकिनेछ । धरौटीस्वरूप राखेको रकमको व्याज दावी गर्न पाउने छैन ।
६. लिलामी सूचना प्रकाशित भएको १५ दिनभित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र लिलामी सूचना प्रकाशित भएको १६औं दिनमा कार्यालय भवनमा दिनको २:०० बजे खोलिनेछ । यदि १६औं दिनमा विदा परेमा कार्यालय खोल्ने पहिलो दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिनभित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति नामसारी गरी लिनुपर्नेछ । सो म्यादभित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. लिलाम सम्पत्ति दाखिला खारेज गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण दस्तुर रकम स्वयम् लिलाम सकार गर्नेले तिर्नुपर्ने छ ।
९. प्राप्त भएको बोलपत्रहरू बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा पनि बोलपत्र खोली निर्णय गर्न कुनै बाधा पर्ने छैन ।
१०. लिलाम विक्री गर्ने भनिएको उल्लेखित सम्पत्ति लिलाम सकारको लागि कोही कसैको रितपूर्वक बोलपत्र नपरे वा कसैले नसकारेमा कानुन बमोजिम सहकारी संस्था आफैंले सकार गरी दाखिला खारेज गर्न वा पुनःलिलाम प्रक्रियामा लैजान सक्नेछ ।

**प्रवाह बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
लखतिर्थ, चागल–१५, काठमाडौं, फोन नं.५१६६११९

## साउदीमा रोजगार

कम्पनी : **ESTABLISHMENT TAMIZ AL-FAN COMMERCIAL**

पूर्व स्वीकृति मिति : २०८१/११/१५ | पुनःविज्ञापन स्वीकृति मिति : २०८१/११/२६ | LT. No. 319513 | चलानी नं. ६०२३४२४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 1 | 0 | 1000 | ३७,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **ELKHEDR COMPANY LTD.**

पूर्व स्वीकृति मिति : २०८१/११/०२ | पुनःविज्ञापन स्वीकृति मिति : २०८१/११/२६ | LT. No. 318843 | चलानी नं. ६०२३४२७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workshop Labour | 7 | 0 | 1000 | ३७,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **SHAHAD MANSOOR AAL-BARRAK TRADING EST.**

पूर्व स्वीकृति मिति : २०८१/११/०२ | LT. No. 319889 | चलानी नं. ६०२३४२७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD AND UNLOAD LABOUR | 2 | 0 | 1200 | ४४,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र ५ गते (18 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1342/074/75
**Muskan Overseas Pvt. Ltd.**
Samakhushi -26, Kathmandu, Nepal, Tel: 01 - 4959026, 01-4963094
Email: muskanoverseas786@gmail.com, Web: www.muskanoverseas.com.np

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply & Sewerage Management
Federal Water Supply and Sewerage Management Project
Biratnagar

**Invitation of Bids**

Date of Publication: March 11, 2025 (2081/11/27)

Federal Water Supply and Sewerage Management Project- Biratnagar invites electronic bids for the following works.-

| S. N. | Contract No. | Description and location of Works | Bid Document Fee(NRs.) | Bid Security Amount (NRs.) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| 1 | 18/81-82/CFWSSP-Triyuga/ FWSSMP_BRT | Construction for Supply and Filling of Filter media sand Work in Slow Sand Filter in Triyuga Co-finance Water Supply and Sanitation Project, Udaypur. | NRs. 3,000.00 | 1,30,000.00 | April 10, 2025, 12:00 |

Project Chief

# Department of Roads
Federal Highway Supervision and Monitoring Office
Road Division, Doti

## Invitation for Bids

**Notice No: 15-RDDOT/2081/082**
**Date of First Publication: 2081/11/27**

1. Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Road Division Doti invites open Competitive Bidding electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure.

| S. N. | Contract No. | Name of work | Bid Security Amount (NRs) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|
| 1. | RDDOT/ 337011384/ 2081/082-040 | Road Upgrading Works Along Bagbazar-Kirtipur Road Section of NH-03, Dadeldhura. | 3,210,000.00 | 10000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at Road Division Doti or PPMO's website: www.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details, bidders are advised to visit website: www.bolpatra.gov.np/egp.
4. All the rights to accept or reject the bid partially or fully are reserved to Road Division, Kulpate, Doti without giving any reason/justification.

Division Chief

# बेलबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

*प्रकाशित मिति : २०८१/११/२७ (11th March 2025)*

यस बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८१।१०।२० गते राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना मार्फत आह्वान गरिएको तपसिलको ठेक्कामा दाखिला भएका बोलपत्रहरू मध्ये सबैभन्दा न्यूनतम बोल अङ्क कबोल गर्ने र सारभूत रूपमा प्रभावग्राही देखिन आएको तपसिल बमोजिमको बोलपत्र स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सम्पूर्ण बोलपत्रदाताहरूलाई स्वीकृतिको आशयको सूचना जानकारीका लागि प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | बोल पत्रदाताको नाम र ठेगाना | कबोल अंक (मूल्य अभिवृद्धि कर र पि.एस.बाहेक) |
|---|---|---|---|---|
| १. | BM/MOR/ W/NCB- 15-2081-82 | Road Maintenance Work Carried out in Partenership with Roads | श्री शीर्ष निर्माण सेवा प्रा.लि. बालकोट ललितपुर | रु.६६,८७,६३५।०० (अक्षरेपी छैसठ्ठी लाख सत्तासी हजार छ सय पैतीस रूपैया मात्र) |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# अभिमुखीकरण तालिम प्रभावकारी बनाऊ

**वैदेशिक रोजगारमा जाने कामदारका लागि जुनसुकै देश जानुपूर्व अभिमुखीकरण तालिम दिइन्छ । श्रम गन्तव्यको कानुनी ज्ञान, अधिकारका विषय र विभिन्न क्षेत्रका नीति नियमबारे जानकारी नै अभिमुखीकरण तालिम हो । विकसित देशहरूले आफ्नो देश पुग्नुपूर्व कानुनी विषय र अधिकारको विषयमा विशेष जानकारी दिने गर्छ । तर खाडी मुलुकमा जाने कामदारका लागि ती देशहरूले कानुनी जानकारी दिने वा अधिकारबारे ज्ञान दिने सुविधा दिएको देखिँदैन ।**

**यही विषयलाई मध्यनजर गर्दै सरकारले दुई दिने पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य गरेको छ । यसका लागि अभिमुखीकरण तालिम प्रदायक संस्थाहरू तोकिएको छ । यो तालिम श्रमिकहरूको अधिकारको विषय हो । तर यो कक्षा विभिन्न कारण प्रभावकारी हुन सकेको देखिन्न । एक त पाठ्यक्रम नै पुरानो । अर्को कक्षामै नबसी प्रमाणपत्र लिने प्रवृत्ति । अझ अदक्ष कामदारका रूपमा जानेहरूमा ज्ञान लिनुपर्छ भन्ने चेतना नहुँदा प्रभावकारी हुन नसकेको देखिन्छ ।**

**यही कारण पछिल्लो ११ महिनामा साउदी अरबमा कार्यक्षेत्रमा भएको दुर्घटनाबाट २९ जनाको मृत्यु भयो । सोही अवधिमा साउदीमा सडक दुर्घटनामा परी १५ जना नेपालीको मृत्यु भएको तथ्यांक छ । गन्तव्य मुलुकको ट्राफिक नियम, कार्यक्षेत्रमा अपनाउनुपर्ने सावधानीजस्ता विषयमा जानकारी नहुँदा यो ११ महिनामा ४४ जनाको मृत्यु भएको प्रारम्भिक तथ्यांकले देखाउँछ । यसको मुख्य कारण हो विदेश जानुपूर्व दिइने पूर्वप्रस्थान अभिमुखीकरण तालिम प्रभावकारी नहुनु ।**

**नेपालमा हाल पूर्वप्रस्थान अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७७ कार्यान्वयनमा छ । अभिमुखीकरणलाई समयसापेक्ष परिमार्जन गरेर गुणस्तरीय नबनाएसँगै यो समस्या बढेको देखिन्छ । अर्को विषय जुन देशमा पठाउने हो, कामदारलाई त्यहाँको कानुन र अधिकारबारे हप्ता दिन नै कक्षा दिनुपर्ने हुन्छ । अर्को कुरा समयसापेक्ष पाठ्यक्रम अपडेट गर्नुपर्छ । त्यसैगरी स्वास्थ्य परीक्षणझैं अभिमुखीकरण तालिमको पनि सामान्य परीक्षण अनिवार्य गर्नुपर्दछ ।**

**जसले गर्दा श्रम गन्तव्यमा पुग्नुअघि दलालहरूबाट ठगिनेजस्ता सम्भावना पनि कम हुने छ । यसले एक त कामदारले आफूलाई आउन सक्ने सम्भावित खतराबाट सतर्क हुन सक्छन् भने अन्यायमा पर्दा सम्बन्धित निकायमा खबरदारी गर्न सक्यो । सामान्य जानकारी नलिने, गुगलको संसारमा स्मार्ट फोन प्रयोग गर्ने तर 'जे पर्ला, सोही टर्ला' शैलीमा अभिमुखीकरण तालिम पनि छलेर श्रम गन्तव्यमा पुग्दा सकसहरू आइपर्छन् । त्यसैले नेपाली श्रमिकको जीउधन रक्षाका लागि भए पनि सरकारले अभिमुखीकरण तालिमलाई चाँडोभन्दा चाँडो प्रभावकारी बनाउनतर्फ लाग्नुपर्छ ।**

## श्रम सरोकार

# सीपमूलक तालिम लिँदाका फाइदाहरू

वैदेशिक रोजगार बोर्डको सचिवालय, अन्य सरकारी एवं विभागबाट इजाजत प्राप्त सीपमूलक तालिम प्रदायक संस्था लागयतबाट सशुल्क/नि:शुल्क रोजगारमूलक सीपमूलक तालिम सञ्चालन हुने गर्दछ । सीपमूलक तालिम लिएर वैदेशिक रोजगारीमा जाँदा निम्न फाइदा हुन सक्छ । गुणस्तरीय काम पाइन्छ ।

- तलब, सुविधा वढी हुन्छ
- सुरक्षित र मर्यादित काम गर्न पाइन्छ
- वैदेशिक रोजगारको सिलसिलामा हुने ठगीवाट वच्न सकिन्छ
- आफ्नो सीपमा पूर्णता आउँछ
- धेरै समय विदेसिनु पर्दैन
- परिवार, आफन्तले विदेशमा गर्ने काममा बढी चिन्तित हुन पर्दैन
- वैदेशिक रोजगारमा आउने जोखिम कम हुन्छ
- स्वदेशमै रोजगार वा स्वरोजगार हुन सकिन्छ

### बचत गर्ने बानीको विकास गर्ने

प्रवासमा कामदारहरू आयआर्जनकै लागि जाने हुँदा र उक्त आर्जनबाट घरपरिवारका लागिसमेत निकै जरूरी र महत्त्वपूर्ण हुने गर्छ । सबै कामदारहरूले आफूले कमाएको पैसालाई बचत गर्ने राम्रो बानीको विकास गर्नुपर्दछ । फाल्तु खर्च नगर्ने, अनावश्यक घूमफिर, बाहिर खाने, खाडी मुलुकहरूमा प्रतिबन्धित र निकै महँगो पर्ने अल्कोहलजन्य मादकपदार्थको सेवन, धूमपान, जुवा तास, लटरी या मनोरञ्जनका लागि गरिने खर्च कटाएर मात्र कमाएको आर्जनको राम्रो बचत गर्न सकिन्छ ।

धेरै नेपाली श्रमिकले कमाएको ठूलो हिस्सा उपरोक्त शीर्षकहरूमा खर्च गर्ने गरेका पाइन्छन् । यसका अतिरिक्त अनावश्यक तवरमा फोन कल गरिरहँदा पनि तलबको ठूलै हिस्सा खर्च गर्ने गर्दछन्, यस्ता कुराहरूमा राम्रो सोच विचार पुऱ्याउनुपर्दछ । आफूले पाएको तलब नियमितरूपमा घर पठाउने र त्यसरी घर पठाउने रकमको पनि केही हिस्सा उत्पादनमूलक उद्योग व्यवसायमा लगानी गर्ने या सोका लागि नियमित र क्रमिकरूपमा बचत गर्दै वैदेशिक रोजगार कामदारहरूले जान्नैपर्ने कुराहरू जानुपर्दछ । बचत रकम बैंक तथा वित्तीय संस्थामा राखेर सुरक्षितका साथै ब्याज आर्जन गर्न पनि सकिन्छ ।

# मुलुकले बिर्सनै नहुने ऐतिहासिक पात्र- सरदार रुद्रराज



■ प्रा.डा. तीर्थप्रसाद मिश्र

> धेरै कुरामा पहिलो नेपाली बन्न पुगेका उनि इतिहासका प्राध्यापकमात्र नभई स्वयं नेपालकै इतिहास भएको निर्विवाद तथ्य जगजाहेर छ । रूद्रराज साहित्य समिति गठन गरी उनका स्वजनहरूले साहित्य, इतिहास, शिक्षा र अध्यात्म गरी चार विधामा प्रत्येक वर्ष एक विधामा उल्लेख्य योगदान गरेका व्यक्ति तथा संस्थालाई पुरस्कार दिने कार्यबाट उनको व्यक्तित्व र कृतित्व चिरस्मरणीय बनाउन गरेको कार्य स्तुत्य भएको छ ।

नेपाल गौरवपूर्ण अतीत भएको मुलुक हो । यस देशको वैभव तथा छवि उजिल्याउन इतिहासको कालखण्डमा धेरै व्यक्तित्वहरूको योगदान, त्याग, बलिदान, प्रतिबद्धता र समर्पण रहिआएको छ । यस्ता व्यक्तित्वहरूले हिजो गरेका कार्यहरूबाट भएका उपलब्धिहरू आजको पुस्तालाई जानकारी गराउनैपर्ने भएको छ । हामी सबैले हिजोलाई स्मरण गरी इतिहासलाई सम्मान गर्नैपर्ने हुन्छ । यस्तै तथ्यलाई आत्मसात् गरी सरदार रुद्रराज पाण्डेको १२५औं जन्मजयन्तीका अवसरमा उनले नेपालको शैक्षिक, साहित्यिक तथा आध्यात्मिक क्षेत्रमा लगाएका गुणहरू स्मरण गर्नुपर्ने हुन्छ ।

पृथ्वीनारायण शाहकै एकीकरण अभियानमा पाण्डेहरू सरिक भएका थिए । गोरखालगायत केही चौबिसी राज्यहरूमा पाण्डेहरू राजगुरु रहेको इतिहासले बताउँछ । नवनेपाल निर्माण भएपछि शाह राजाका विश्वासपात्र गुरु हुन पुगेका रुद्रराज पाण्डेका पुर्खा तानसेनको धर्मपानीबाट राजधानीको मुटु प्युखामा स्थायी बसोबास गर्न थालेका थिए । यसै वंशका पद्मराज पाण्डेका पुत्ररत्नका रूपमा १९५७ साल फागुन २६ गते रुद्रराज पाण्डेको जन्म भएको थियो । राजगुरु घराना खलकले संस्कृत शिक्षा आर्जन गर्ने तत्कालीन परम्पराअनुसार तीनधारा पाठशालामा रुद्रराज पाण्डेले अध्ययन प्रारम्भ गरे ।

उतिबेला राणा परिवार र केही हुनेखाने वर्गका मानिसमात्र त्यतिबेलाको दरबार स्कुलमा अंग्रेजी शिक्षा पढ्न आकर्षित हुन थालेका थिए । यसैअनुसार रुद्रराज पाण्डे दरबार स्कुलमा भर्ना भई १९७५ सालमा प्रथम श्रेणीमा 'म्याट्रिक' उत्तीर्ण गर्न सफल भए । त्यतिबेला दरबार स्कुलले कलकत्ता विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरेको हुँदा परीक्षा दिनचाहिँ कलकत्ता नै जानुपर्ने थियो । उक्त समय म्याट्रिक पास गर्ने व्यक्ति औंलामा गन्न सकिनेमात्र थिए । तसर्थ, म्याट्रिक उत्तीर्ण हुनेलाई ठूलो सम्मान गर्ने चलन थियो । राणा खलकले एक हजार रूपैयाँको दोसल्ला पाउँथे भने अरूलाई ३०० रूपैयाँको दोसल्लाबाट सम्मानित गरिन्थ्यो । यसबाट राणाशासनकालमा शासक र जनसाधारणबीचमा विभेदकारी नीति रहेको बुझ्न सकिन्छ । सरकारी छात्रवृत्तिमा नै पाण्डेले इलाहाबाद विश्वविद्यालयबाट १९८१ सालमा इतिहासमा स्नातकोत्तर उत्तीर्ण गरेपछि इतिहासमा एमए गर्ने पहिलो नेपाली व्यक्ति बने ।

वि.सं. १९८२ देखि नै उनले त्रिचन्द्र कलेजमा इतिहास विषयको प्राध्यापक नियुक्त भई दरबार स्कुलमासमेत अध्यापन गर्न प्रारम्भ गरे । कालान्तरमा उनी त्यही दरबार स्कुलको पहिलो नेपाली 'हेडमास्टर' बन्न पुगे । पाण्डेकै अनवरत प्रयासबाट त्रिचन्द्र कलेजमा नेपाली विषयको पठनपाठन सुरु भयो । त्रिचन्द्र कलेजले सुरुमा कलकत्ता र पछि पटना विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेको थियो । साथै, नेपालमा नै एसएलसी परीक्षा दिन पाउने व्यवस्था उनले नै प्रारम्भ गराएका थिए । १९९५ सालमा त्रिचन्द्र कलेजको प्राचार्य भई कला र विज्ञानका विभिन्न थप विषय अध्यापन प्रारम्भ गराउने कार्य पनि उनीबाटै भएको देखिन्छ ।

हाइस्कुल र कलेज दुवैतिरको शिक्षालाई प्रभावकारी कार्यान्वयन गराउने कार्यमा उनले कहिल्यै कमी आउन दिएनन् । एक कुशल शिक्षक, प्राध्यापक र शैक्षिक प्रशासकका रूपमा आफ्नो योग्यता देखाएकै कारण राणा शासकले पनि उनीप्रति कहिल्यै वक्रदृष्टि राखेनन् । १९९७ सालको विद्यार्थी आन्दोलनको समयमा उनले खेलेको भूमिकाको मानिसले आजसम्म स्मरण गरिरहेका छन् । जयतु संस्कृतम् आन्दोलनका कारण परीक्षा दिन जान नपाएका विद्यार्थीहरूलाई नेपालमै परीक्षा दिने व्यवस्था मिलाउन उनी सफल भए । २००७ सालको परिवर्तनपश्चात् शिक्षासचिव र पुरातत्त्व विभागका निर्देशक भई उनले गरेको योगदान उल्लेख्य रहेको छ ।

राणाशासन रहँदा र प्रजातन्त्र आएपछि पनि उनको दायित्वमा कुनै फरक परेन । उनले २००७ देखि २०१५ सालसम्म सक्रिय भई सरकारबाट प्राप्त भएका दायित्वहरू कुशलतापूर्वक निर्वाह गरे । २०१५ सालको नेपालको प्रथम आमचुनावको समयमा निर्वाचन आयुक्त भई निर्वाचन सम्पन्न गराउन उनले खेलेका भूमिका सराहनीय रहेको छ । निर्वाचनप्रति जनचेतना बढाउने खालका नाटक नै मञ्चन गराउनुलाई त्यतिबेला प्रशंसनीय कार्य ठानिएको थियो ।

वि.सं. २०१६ मा स्थापना भएको त्रिभुवन विश्वविद्यालयको प्रभावकारी संरचना र शैक्षिक कार्यक्रमको उन्नयनका लागि राजा महेन्द्रले २०२२ सालमा रुद्रराज पाण्डेलाई उपकुलपति नियुक्त गरे । त्रिभुवन विश्वविद्यालयको शैक्षिक कार्यक्रम विस्तार र भौतिक पूर्वाधार सिर्जना गर्न उनको कार्यकाल कोसेढुंगा साबित भएको छ । उनले त्रिपुरेश्वरस्थित पाहुनाघरमा रहेको केन्द्रीय कार्यालय कीर्तिपुरस्थित स्मृति भवनमा स्थानान्तरण गरी व्यवस्थित गराए । लालदरबारमा रहेको केन्द्रीय पुस्तकालय कीर्तिपुरमा नवनिर्मित भवनमा सारे । नेपाल अध्ययन संस्थान (कालान्तरमा नेपाल र एसियाली अध्ययन संस्थान हुँदै हाल नेपाल र एसियाली अनुसन्धान केन्द्र भएको छ) र सेडाको गठन उनकै कार्यकालमा भएको तथ्य स्मरणीय छ । उनकै कार्यकालमा विज्ञान संकायमा स्नातकोत्तर तहको शैक्षिक कार्यक्रमहरू थपिए । छात्रावास, गान्धीभवन, रोज गार्डेन आदि उनकै समयमा निर्माण भएका थिए । राजा महेन्द्रले चाहँदाचाहँदै पनि उनले पुन: त्रिविको उपकुलपति हुन अस्वीकार गरे ।

रुद्रराज पाण्डेलाई लोकले एकजना मूर्धन्य साहित्यकारका रूपमा पनि प्रतिस्थापित गरेको छ । लेखनाथ पौडेल, शम्भुप्रसाद ढुंगेल, कृष्णलाल अधिकारी आदि साहित्यकारसँग उनको उठबस थियो । विद्यार्थीकालमा नै चन्द्रिका र सूक्तिसिन्धुजस्ता पत्रिकामा उनका कविताहरू प्रकाशित भएका थिए । उनले रचना गरेको रूपमती उपन्यास नेपालको इतिहासमा पहिलो मौलिक उपन्यास बन्न पुगेको छ । रूपमती उपन्यासले तत्कालीन नेपाली समाजको राम्रो चित्रण गर्न सफल भएको छ । अत: उक्त उपन्यासलाई इतिहासको स्रोतका रूपमा लिने पनि गरिन्छ । उक्त उपन्यास अंग्रेजी र उर्दू भाषामासमेत अनुवाद हुनुले उनको उपन्यासकारितालाई प्रस्टचाउन मद्दत पुगेको छ । चम्पाकाजी, प्रायश्चित र प्रेमजस्ता उपन्यास पनि नेपाली साहित्यानुरागीहरूले कोसेली पाएका छन् । नेपालको गौरवपूर्ण अतीतको परिचय गराउने हाम्रो गौरव: हाम्रो नेपाल र नवरत्न जस्ता कृतिहरूले पाठकको मन छोएका छन् ।

यसैगरी, बालबालिकाहरूका लागि बालरामायण, बालकृष्णचरित्र, नीतिकथा जस्ता कालजयी कृतिहरू प्रकाशन भएका छन् । त्रिचन्द्र कलेज र दरबार स्कुल दुवैतिर इतिहास विषयको पठनपाठन भएता पनि नेपाली भाषामा इतिहासका कुनै पुस्तक नै थिएनन् । यसैले पाठ्यपुस्तकको अभाव हटाउन रुद्रराजले बेलायतको र भारतको इतिहास लेखेका थिए । यसबाट विद्यार्थीहरू मात्र होइन, इतिहासका शिक्षकसमेत लाभान्वित भएका थिए । गोरखा भाषा प्रकाशनी समिति (पछि नेपाली भाषा प्रकाशनी समिति भएको) यी दुवैमा रही नेपाली भाषाका विभिन्न विधाका पुस्तक प्रकाशन गर्न पनि उनको सहयोगी भूमिका रहेको थियो । उनी शारदा पत्रिकाको प्रकाशन कार्यमा तन, मन र धनले खटिएका थिए ।

उनी एक आध्यात्मिक चिन्तक पनि थिए । प्युखास्थित भवनमा भजनकीर्तन दिनहुँजस्तो हुने गर्दथ्यो । त्यहाँ जोगी, साधुसन्त तथा महात्माहरूको सदैव भीड हुने गरेको चर्चा आज पनि छिमेकीहरूले गर्दछन् । प्युखाबाट कलंकी बसाइँ सरेपछि पनि यस्ता धार्मिक अर्चनाका कार्यक्रमहरूले निरन्तरता पाउने गरेको छ ।

वि.सं. १९८२ देखि २०४३ (महाप्रस्थान) को छ दशकसम्म नेपालको विभिन्न क्षेत्रमा सक्रिय सेवामा रहेका उनलाई तत्कालीन शासकले सम्मान गरेका दृष्टान्त पाइन्छन् । उनले गोर्खा दक्षिणबाहु प्रथम, श्री ३ जुद्धशमशेरबाट सरदार उपाधि, त्रिशक्ति पट्ट, राजा त्रिभुवनबाट रजतजयन्ती पदक तथा राजा महेन्द्र र वीरेन्द्रबाट शुभराज्याभिषेक पदकजस्ता अनेकौं पदक र सम्मान प्राप्त गरेका थिए । आफू सम्मानित भएर मात्र सन्तुष्ट हुन नसक्ने र अरूलाई प्रोत्साहन र सम्मान गर्नुपर्छ भन्ने विचारधाराका पक्षपाती भएका हुँदा त्रिभुवन विश्वविद्यालयका विभिन्न तहमा सर्वोत्कृष्ट स्थान प्राप्त गर्ने विद्यार्थीहरूलाई पद्मराज सुवर्ण पदक, टीकालक्ष्मी सुवर्ण पदक, त्रिभुवन विश्वविद्यालयमा र संस्कृत विश्वविद्यालयमा लीलाबल्लभ पन्त सुवर्ण पदक प्रदान गर्न अक्षयकोष नै स्थापना गराए । १९९० सालको भूकम्पको समयमा स्वयंसेवी दल खडा गरी पीडितहरूको सेवा गरेको प्रसंग ब्रह्मशेरले एक अन्तर्वार्तामा बताएका थिए । धेरै कुरामा पहिलो नेपाली बन्न पुगेका उर्नि इतिहासका प्राध्यापकमात्र नभई स्वयं नेपालकै इतिहास भएको निर्विवाद तथ्य जगजाहेर छ ।

रुद्रराज साहित्य समिति गठन गरी उनका स्वजनहरूले साहित्य, इतिहास, शिक्षा र अध्यात्म गरी चार विधामा प्रत्येक वर्ष एक विधामा उल्लेख्य योगदान गरेका व्यक्ति तथा संस्थालाई पुरस्कार दिने कार्यबाट उनको व्यक्तित्व र कृतित्व चिरस्मरणीय बनाउन गरेको कार्य स्तुत्य भएको छ । कुशल शिक्षक, कुशल प्राध्यापक, शैक्षिक प्रशासक, प्रशासनविद्, साहित्यकार, इतिहासकार, समाजसेवी, आध्यात्मिक चिन्तक जस्ता बहुमुखी विलक्षण प्रतिभासम्पन्न व्यक्ति देशमा मात्र होइन, विश्वमा नै कमैमात्र देखिन्छन् । यस्ता मानवताका सरल पात्र तथा नेपाल आमाका धर्तीपुत्र, नेपालकै गहना, महामानव रुद्रराज पाण्डे नेपालीको मानसपटलमा सदासर्वदा अमर रहिरहने छ । *रासस*




»» बैकुण्ठ भण्डारी

# कहाँ गाऽका र आउँदै छन् राऽआजा !

टोलभरि हल्ला थियो । राऽआजा आउँदै छन् अरे ! चिया पसलमा गयो त्यही भन्थे । चौतारामा भेला भएकाहरू पनि त्यही कानेखुसी गर्दै थिए । सामाजिक सञ्जालमा कोही कोही कराउँदै थिए । पक्का हो आउँदैन । जसरी पनि ल्याइन्छ ।

कुरो पनि ठिकै हो । जसरी पनि ल्याउनुपर्छ । तर ल्याउनेचाहिँ कसरी ? आउनेचाहिँ कसरी । मटचाङ्ग्रो अलमल्ल ! चौतारामा भेला भएकामध्ये तक्लु दादा भन्दै थिए, 'लौ है मटचाङ्ग्रो अब राऽआजा ल्याउनुपर्छ ।'

त्यसपछि झनै अलमल्ल । मटचाङ्ग्रो दिमागले काम गरेन कि क्या हो मनमनै भन्दै थियो, 'मैले कहाँबाट खोजेर ल्याउने होर ?' राऽआजै राऽआजा भएको ठाउँमा फेरि कुन राऽआजा ल्याउने जिम्मेवारी दिएका हुन् म विचारो कसरी राऽआजा ल्याउन सकौंला र ?

ऊ बेला भएका एउटा राऽआजालाई बानेश्वरको सेता दरबारभित्र बसेर मध्यरातमा टेबल ठटाएरै डाँडामा पुऱ्याएको सम्झचो मटचांग्राले । उसबेला हाई काट्दै सभामुख महोदय भन्दै थिए, 'मान्य सदस्यहरू, हिन्दूराष्ट्र र राजतन्त्र अन्त्य गर्दै मुलुकलाई 'गणतन्त्र' र धर्मनिरपेक्ष राष्ट्र घोषणा गरिबक्सेका छौं' हुन्छ भन्ने मान्य सदस्यले हुन्छ भन्नुहोला ।'

मान्य सदस्यहरूले कुरा बुझे कि बुझेनन् टेबलमा टरऽरऽरऽ बजाए । अनि महोदयले फेरि भने, 'सबै मान्ने सदस्यहरूको ठूलो स्वरमा हुन्छ भन्नुभएकाले २४० वर्षसम्म चलेको राजतन्त्रात्मक व्यवस्था अन्त्य गरिबक्सेका छौं ।'

मटचाङ्ग्रो झल्याँस्स भयो । २०६२/६३ मा गज्जबकै जुलुस निस्किएको थियो । जुलुसले 'निरंकुशताको अन्त्य गर' भन्दै नारा लगाएको थियो । न त राजतन्त्र खारेज भनेको थियो न त धर्मनिरपेक्षताको कुरा नै उठेको थियो ।

जुलुस अगाडि बढेको बढ्यै सत्तामा हुनेले ठोकेको ठोक्यै । सडकमा जनताको भीड । त्यही भीडमा यता पुलिसको आक्रमण उता जुलुसेको आक्रमण । जुलुस गर्न पठाउने र ठोक्न लगाउनेहरूका 'साहेव'हरू घरको बैठक कोठामा टेलिभिजन हेर्दै 'च्वाँस्स' पार्दै दंग ।

बिहान घाम लागेदेखि घाम नअस्ताउसम्म ढुंगा, मुढा, नारा जुलुस कति हो कति । कसको बाउको के जान्थ्यो र ? ढुंगा लागे पनि त्यही जनताको छोरोको टाउको फुट्ने हो, गोली खाए पनि जनताको छोरा नै ढल्ने हो !

झण्डा हल्लाएर हिँड्नेहरू 'सान'ले आफूलाई राजा सम्झिए । अनि राऽआजालाई एकदम काइदा छ भन्दै उचाले । उता जुलुस लगाउनेहरूले पनि आफ्नो शक्ति देखाए । सहराँ भाकाले नसक्ने भएपछि जंगलमा भाका पनि जंगलमा भएका रुखका हाँगा भाँचेर त्यही लिएर सहराँ देखिए । अत्तोपत्तो भएन । जसले दु:ख पाए पाए, जो मरे मरे । हरेक दिन मर्ने र मार्ने क्रम चलि नै रह्यो । एउटा नेपालीले अर्को नेपालीलाई मारिनै रहे ।

अब नसकिने भो भन्दै सबै दल हाँक्नेहरू बसे । सत्ता हाँक्नेसँग वार्ता छलफल भए । सत्तामा हुनेहरू ठसमस नहुने । आन्दोलनमा होमिएकाहरू 'मालिक'सँग वार्ता गर्नमै अड्कियो । सबैका सबै गोप्य भए । धर्म गर्नेहरूले 'आखिर रहेछ ईश्वर एक' भनेजस्तै दक्षिणतिरका 'मालिक' उतै छलफल गर्ने निर्देशन भयो । वार्ता सहमति भए । अनि बल्ल राऽआजालाई बिन्ती बिसाए । अब फिर्ता गरिदिनुपऱ्यो महाराज ।

राऽआजाले पनि सम्वोधन गर्दिए । 'जनताको नासो जनतालाई नै सुम्पिदिएका छौं' । त्यत्ति के भनिदिएका थिए । संसद् ब्युँतियो । ढुंगामुढा अश्रुग्यासले भरिने सडक फेरि उत्साह र उमंगसहित रंगीन संसारमा परिणत भयो । तर कसको कर बलले हो, तालीको तरऽरऽरऽ बाटै 'गणतन्त्र' र 'धर्मनिरपेक्षता' लागू गरियो ।

संविधानसभाको निर्वाचन तोकियो । स्वार्थीहरूले गर्न सकेनन्, पछि सकी नसकी गरे । ढुकुटीबाट अर्बौं सकियो । अम्रिकादेखि युरोपियन युनियनसम्मले हरियो पत्ता देकोऽदियै गरे । विचरा, खान नपाउने देशका 'लिडर' भन्दै अहिलेसम्म पनि देकोऽदियै छन् ।

काठमाडौं आका घर फर्किए । जंगलमा भएकाहरू पनि सहराँ आए । सत्तामा पुगे । अनि रंगीन दुनियाँमा रमाउन थाले । कोही सुकुम्वासीको नाममा हकुम्वासी भए । कोही सुकिला मुकिलाहुँदै चिल्लो सवारीमा हुँइकिने भए । बन्दुक बोकेर आन्दोलन गर्नेहरूको कसैका करङ भाँच्चिए । कसैको खुट्टा काटिए । कोही खाडीतिर भासिए । कसैका बाउ छैनन्, कसैका आमा । कसैको काख रित्तो भो । कसैको घरै खरानी भो । तर कठैबरा भन्ने कोही पनि भएन !

व्यवस्था फेरियो, अवस्था फेरिएन । अन्याय, अत्याचार भ्रष्टाचार उकालो लाग्यो । केही स्वार्थीहरूको जीवनशैली फेरिए । तर जनताले आङमा लगाउने एक सरो कपडा फेरिएन । व्यवस्था फेर्नेहरू अरबतिर भासिए । व्यवस्था फेर्न लगाउनेहरू अर्बपति भए । टोलटोलमा नवराजाहरू देखिए । सयौंका संख्यामा राजा महाराजाहरू जन्मिए ।

हुन्छ, होला, भइहाल्छ नि ! जादूको छडी हो र ? तुरुन्तै परिवर्तन हुन ! सबैले त्यही नै सोचे । वर्ष बिते, वर्षौं बिते । 'बाह्र वर्षमा त खोलो पनि फर्कन्छ' भन्थे बूढापाकाले तर फर्केन । परिवर्तन गर्न आएकाहरू नै परिवर्तन भइदिए ।

व्यवस्था फेरिएसँगै गाउँ झिलिमिली हुनुपर्थ्यो होला । गाउँका खेतबारीमा उब्जिएका खाद्यान्न बेचेर जनता समृद्ध हुनुपर्ने थियो होला । तर दुर्भाग्य, गाउँ रित्तिँदै गयो । एकाधबाहेक मान्छे देख्न नै मुस्किल पर्न थाल्यो । खेतबारी बाँझो हुँदै गयो । उत्पादन गरेर बिक्री गरी डलर कमाउने होइन । विदेशबाट डलर कमाएर खानुपर्ने अवस्था आयो ।

'वाहऽ क्या राम्रो अवस्था फेरिएको' चौतारीमा तक्लु दादा सबैलाई भन्दै थिए । त्यही भएर, 'राऽआजा आउँदै छन्' मटचाङ्ग्रा अलमल्ल पऱ्यो । राऽआजालाई आजा आजा मात्र भनेर के हुन्थ्यो होला र ? कोही नेता राजा भनेको राजा नै हो, पूर्व र पश्चिम हुन्न भन्ने । कोही नेता सपना नदेख भन्ने ! कोही नेता जुलुसको जनलहरबाट नै अनुमोदन भयो भन्ने ।

चौतारामा तक्लु दादाको कुरा सुन्दै गरेका हरिदाशले भने, 'होइन हो तक्लु दादा कहाँ गाऽका र आउँदै छन् राऽआजा । यहीं भएको मान्छेलाई पनि के को आजा ऽआजा ?'

# तानसेनमा हराउँदै 'चीर' ठड्याउने चलन

**तानसेन (पाल्पा)-** फागु पूर्णिमा सुरुआत भएको संकेतस्वरूप सदरमुकाम तानसेनमा परापूर्वकालदेखि चीर ठड्याउने प्रचलन रहेपनि एक दशकयता त्यसले निरन्तरता पाउन छोडेको छ । यहाँ नेवार समुदायले चीर ठड्याएर फागु पूर्णिमाको पूजा गरी होलीको सुरुआत गर्ने परम्परा बसाले पनि आर्थिक अभाव र नयाँ पुस्ताले बेवास्ता गर्दा हराउन थालेको हो ।

धेरै नेवार समुदायको बसोवास रहेको तानसेनस्थित टक्सारटोलमा वि.सं. २०७१ सम्म निरन्तर चीर ठड्याउँदै आइएको थियो । गणेश मन्दिरको मूलद्वार अगाडि रंगीचंगी ध्वजाले सिंगारिएको चीर ठड्याएपछि होली पर्व सुरु भएको मान्ने गरिन्थ्यो । तर पछिल्ला वर्षमा यो परम्परा हराउँदै गएको छ । आठ वर्षपछि टक्सारटोलमा तानसेन भजन संरक्षण समिति र देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठानको सक्रियतामा दुई वर्षअघि जसोतसो चीर ठड्याइएको थियो । त्यतिबेला चीर ठड्याउने परम्पराले पुनः निरन्तर पाउनेमा धेरै उत्साहित भएका थिए । तर त्यसले निरन्तरता पाउन सकेन । आर्थिक अभाव र पुराना पुस्ता अशक्त हुँदै गएपछि युवाले चासो नदिँदा चीर गाड्न छाडिएको छ ।

परम्परागत संस्कृति हराउँदै जान थालेपछि यहाँका पुराना पुस्ता चिन्ता व्यक्त गर्न थालेका छन् । परम्परादेखि चलिआएको चलनलाई अहिलेको पुस्ताले ध्यान नदिँदा संस्कृति हराउन थालेकोमा दुःख लागेको देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान पाल्पाका अध्यक्ष मदन देउरालीले बताए । 'पुरानो पुस्ता सकिँदै जानु र नयाँ पुस्ताले परम्परागत संस्कृति संरक्षण गर्न नसक्नुले निकै चिन्तित छौं,' उनले भने । तानसेनमा नेवारको बस्ती बसेदेखि होलीको अवसरमा चीर गाड्ने परम्परा रही आएको हो । पहिले-पहिले तानसेनको शित्तलपाटी, भिमसेनटोल, बसन्तपुर, टक्सारटोललगायतका स्थानमा चीर ठड्याइने गरे पनि आर्थिक अभाव र पुराना पुस्ताको मृत्युपछि विस्तारै हराउँदै गएको देउरालीले बताए । उनका अनुसार चीर गाड्ने काम पहिला अन्य टोलमा भएता पनि पछि यो केवल टक्सारटोलमा मात्र सीमित भएको थियो ।

'चीर ठड्याउन, भजन गाउन र होली खेल्न आर्थिक स्रोत चाहिन्छ, त्यो स्रोत कहीँ कतैबाट आउँदैन, व्यक्ति आफैंले खर्च गरेर कति दिन गर्ने ? पुराना पुस्ता शारीरिक रूपले अशक्त हुँदै गए, नयाँ पुस्तामा कुनै चासो छैन,' अध्यक्ष देउरालीले भने ।

आफू शारीरिकरूपमा अस्वस्थ भएका कारण चीर ठड्याउन नसकेको डाफा भजन संरक्षण समितिका अध्यक्ष तथा चीर ठडाउने मुख्य व्यक्ति मंगलप्रसाद बज्राचार्यले बताए । उनले भने, 'अब म उमेरले पनि बूढो भइसकेँ, नयाँ पुस्ताले चासो देखाउँदैन के गर्नु ?' उनले आर्थिक अभावका कारण चीर ठड्याउने संस्कृतिले निरन्तरता पाउन नसकेको गुनासो गरे । चीर ठड्याइँदा भजनसमेत गाउने गरिन्छ ।

हरेक वर्ष फागुन शुक्ल अष्टमीका दिन चीर गाड्ने गरिन्छ । कृष्ण र गोपिनीसँग पनि यो पर्व जोडिएको छ । गोपिनीले निर्वस्त्र भई पोखरीमा नुहाउँदा कपडा लगाएरमात्र नुहाउने प्रतिबद्धता जाहेर गराएको सन्दर्भसँग चीर ठड्याउने प्रसंग जोडिएको हो । यो चीरमा राखिएका ध्वजापताका औषधोपचारको काममा प्रयोगमा आउने विश्वासका साथ लुछाचुँडी गरी लिने र अनिष्ट टर्छ भनी चीरको खरानीको टीका लगाउने चलन छ ।

नेवार समुदायमा होली पर्वलाई प्रेम दिवसका रूपमा मनाउँछन् । यसदिन युवा युवतीले एकअर्कालाई मन पराएर स्वीकार्ने दिनका रूपमा लिने गर्छन् । सात दिनसम्म चल्ने यो पर्वमा प्रत्येक दिन आफ्ना दाजुभाइ तथा नातेदार भेला भई मीठामीठा खानेकुरा पकाएर खाई रमाइलो गरिन्छ । यस वर्षको होली पर्वको मुख्य दिन फागुन २९ र १ गते परेको छ । २९ गते हिमाली तथा पहाडी जिल्लामा र १ गते तराई जिल्लामा होलीको सार्वजनिक बिदा दिइएको छ । *रासस*

# पाउँदीमा स्थापना गरियो प्रहरी चौकी

**सुन्दरबजार (प्रस)**– लमजुङको सुन्दरबजार नगरपालिका-७, पाउँदीमा प्रहरी चौकीको भवन निर्माण गरिएको छ । उक्त भवनको सोमबार एक कार्यक्रमबीच प्रहरी नायव महानिरीक्षक फणिन्द्र बरालले उद्घाटन गरे ।

प्रहरी नायब महानिरीक्षक बरालले प्रहरीका लागि स्तरीय भवन आवश्यक भएको बताए । प्रहरीको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन पूर्वाधार आवश्यक भएको उनको भनाइ थियो । नयाँ भवनबाट प्रहरीलाई कामकाज गर्न सहज हुनुका साथै नागरिक र प्रहरीबीचको सम्बन्धलाई अझ मजबुत बनाउन योगदान पुग्ने उनले बताए । 'सेवा प्रवाहमा सुधार गर्न पूर्वाधार विकासमा विशेष ध्यान दिएका छौं,' प्रहरी नायव महानिरीक्षक बरालले भने ।

कुल दुई करोड २८ लाख ४३ हजार रूपैयाँको लागतमा उक्त भवन निर्माण गरिएको हो । प्रहरी चौकी भवन तीन रोपनी एक आना तीन दाम क्षेत्रफलमा फैलिएको छ । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी बुद्धबहादुर गुरुङ, सुन्दरबजार नगरपालिका-७ का वडाध्यक्ष जयराम रेग्मी, सुन्दरबजार नगरपालिकाका पूर्वनगरप्रमुख जनकराज मिश्रलगायतले आ-आफ्नो धारणा राखेका थिए ।

उक्त अवसरमा प्रहरी नायब महानिरीक्षक बरालले भवन निर्माणमा योगदान पुऱ्याउने विभिन्न व्यक्तिलाई प्रशंशापत्र प्रदान गरे ।

# फिरन्ते वनकरियाको जीवनशैली फेरिँदै

■ अञ्जली थापा

**हेटौंडा (मकवानपुर)-** मकवानपुरको मनहरी गाउँपालिकामा बसोबास गर्दै आएकी अति लोपोन्मुख वनकरिया समुदायकी मुखिया ६५ वर्षीया सन्तमाया वनकरियालाई सुत्केरी हुँदा वनकेराको पातले बनाइएको छाप्रोमुनि केराको पातमा शिशु च्यापेर सुत्ने अनि कन्दमूल उसिनेर खाने गरेको आजभैं लाग्छ । फिरन्ते जीवन बिताइरहेको वनकरिया समुदायलाई २०६२ सालमा तत्कालीन जिल्ला विकास समितिले सामुदायिक वनको छेउमा २० वर्षका लागि जग्गा दिएर बस्ती बसाएको करिब १९ वर्ष भएको छ । नौ सन्तानकी आमा उनलाई अहिले पनि उही अवस्थाको जीवन र सुत्केरी अवस्थामा कटाएका कहालीलाग्दा दिनहरूले झस्क्याउने गर्छ ।



एकमात्र स्थानमा रहेको वनकरिया समुदायकी मुखिया सन्तमायाले २२ वर्षसम्म वनमा फिरन्ते जीवन बिताइन् । चेपाङकी छोरी भएकाले विवाहभन्दा अगाडि भने उनी बस्तीमा नै बस्ने गरेको र वनकरियासँग कन्दमूल खोज्न जाँदा मन परेर उतै विवाह गरेर बसेको बताइन् । सन्तमायाले नौ सन्तान जन्माइन् ।

'चार सन्तान वनमा र पाँच सन्तान बस्तीमा जन्माएँ,' उनी सम्झन्छिन्, 'घना जंगलबीचमा त्यो बासस्थानको ठेगान नभएको, मान्छे मरेपछि खोल्सो कटेर बस्ने चलनले गर्दा फिरन्तै भएका थियौं ।' फिरन्ते जीवनबाट हालको जीवनसम्म आइपुग्दा निकै कष्ट भोगेको सन्तमाया बताउँछिन् । उनका अनुसार वर्षमा तीन महिना गिठ्ठा, भ्याकुर, च्याउ, खनायो, कुरिलो खनेर खाए पनि बाँकी समय खानेकुरा खोज्नका लागि पुरुषले माछा मार्ने र महिलाले कुचो बाँध्ने काम गर्ने गरेका छन् ।

सन्तमाया भन्छिन्, 'माछा र कुचो गाउँमा लगेर बेच्दा पनि कहाँ खान पाउनु र ? पुग्दैनथ्यो । बालबच्चा नि धेरै हुन्थे ।' वनकरियाको मुख्य खाना खनायो, नेमारो, च्याउ, माछा र कुरिलो हो । केराको पातले बनाएको छाप्रो अनि केराकै पात लगाउने गरेको सम्झना गर्दै मुखिया सन्तमायाले जंगलको झारपात नै औषधिका लागि प्रयोग हुने गरेको बताइन् । उनलाई आफू कता जन्मेको थाहा छैन तर जंगलमा नै विवाह भएर २० वर्ष बिताएको मात्र याद छ ।

विवाहोत्सव वा चाडपर्वमा पनि गिठ्ठा नै मुख्य खान्कीका रूपमा रहेको सन्तमाया बताउँछिन् । वनकरिया समुदायमा विवाह, जन्म, नामकरण, मृत्युबाहेक अन्य संस्कार नगर्ने चलन छ । मृत्युपछि बस्ने स्थान सरेर घरमा धेरै जहान हुने १३ दिन र नहुनेले सात दिनमा काजकिरिया गर्ने गरेको उनको भनाइ छ । बच्चा जन्माउँदा पनि सात दिनमा नै तितेपातीको पानी र सुनपानी छर्केर चोख्याउने गरेको उनी बताउँछिन् ।

सानै उमेरमा विवाह गरेकी सन्तमायाको जीवन वनमा नै सीमित रहन पुग्यो । विस्तारै बाहिरी मान्छेसँगभन्दा जनावरसँग डर नलाग्ने उनको भनाइ छ । खासगरी महिनावारी र सुत्केरी अवस्थामा गाह्रो भएको उनी सम्झन्छिन् । वनकरिया समुदायका बच्चाले पनि आमाकोबाहेक दूध खान नपाएको उल्लेख गर्दै सन्तमायाले गाईभैंसी पालेर दूध, दही भाँडाभरि हुँदा छोराछोरी साना हुँदा खान नपाएको सम्झँदै रुन मन लाग्ने उनको भनाइ छ ।

दुई दशक जंगलमा बिते पनि हाल घरमा बस्न पाउँदा सन्तमायालाई खुसी मिलेको छ । अझै कहिलेकाहीँ वनको याद आउँदा बसेको स्थान हेर्न जाने गरेको उनी बताउँछिन् । वनमा कन्दमूल र कहिलेकाहीँ साटेको पिठो तथा चामलका भरमा दिन काट्दा खेती गर्ने र गाईवस्तु पाल्नेबारे थाहा नभएको सन्तमायाको भनाइ छ । उनीसँग गाउँमा जन्मेर वनकरिया जातिका व्यक्तिसँग विवाह गरेपछि २० वर्ष जंगलमै बिताएको र अहिले फेरि गाउँमै बसेर समुदायको अगुवाइ गर्दाको अनुभव छ ।

सन्तमाया हाल खेती गर्ने, भैंसी पाल्नेमात्र होइन, साबुन उत्पादनमा पनि जोडिएकी छन् । वनमा आधारित जीवनशैली भएका आफ्नो समुदायलाई मसिने शान्ति सामुदायिक वन मध्यवर्ती क्षेत्रमा परेपछि त्यहाँ कुचो काट्न जाँदा पनि सेनाले समातेर लगेको बताउँदै हाल आफ्नै गाउँ र मध्यवर्ती क्षेत्रको बाहिर जतातत‌ै पाइने तितेपाती, घिउकुमारी, निमजस्ता जडीबुटीबाट साबुन उत्पादन गरेर आम्दानीमा जोडिएको उनको भनाइ छ ।

सन्तमायासँगै बस्तीका महिलाले पनि खोला किनार र वनमा खेर गइरहेको तितेपाती र निमबाट साबुन बनाएर बेचिरहेका छन् । वनकरिया साबुन उद्योग सञ्चालनमा ल्याएर हाल उनीहरू उद्यमी बनेका छन् । वि.सं. २०६२ मा जिल्ला विकास समति मकवानपुर र मनहरी गाविसको सहयोगमा वनको घुमन्ते जीवनबाट बस्तीमा बस्न आएका वनकरिया अहिले आत्मनिर्भर हुनका लागि सन्तानलाई विद्यालय पठाउनेदेखि सकेको काम गर्ने गरिरहेका सन्तमायाले बताइन् । उनले जंगल जीवनमा जुन दुःख काटिएको थियो त्यो आफ्ना छोराछोरीलाई नपरोस् भनेर प्रयन्त गरिरहेको बताइन् । अन्न खानका लागि धेरै मिहेनत गर्नुपरेको बताउँदै सन्तमायाले भनिन्, 'अन्न खान रहर लाग्दा लोग्ने मान्छेले कुरिलो, कुचो, माछा लिएर बस्ती जाने सम्झँदै छोराछोरीले खाना खान पाइरहेकामा खुसी व्यक्त गरे ।'

वनकरिया समुदायले सञ्चालन गरिरहेको उद्यममा स्थानीय सरकार र ग्रिन फाउन्डेसन नेपालको सहयोग जुटिरहेको छ । उनीहरूले वनकरिया साबुन उद्योग सञ्चालन गरिरहेका छन् । मुखिया सन्तमायाका अनुसार साबुन बनाउन मिहेनत परे पनि कच्चा पदार्थ गाउँ वरपर नै पाइन्छ । यहाँ उत्पादन गरिएको साबुन घाउखटिरा, चिलाउने समस्या र छालाको रोगका लागि राम्रो हुने उनको भनाइ छ । उत्पादन वृद्धि र बजारीकरण गर्न समस्या हुने भएकाले वनमा आधारित उद्यम विकासका लागि ग्रिन फाउन्डेसन नेपालले सहयोग गरिरहेको मुखिया सन्तमायाले बताइन् ।

जंगली कन्दमूलको सहारामा वर्षको आधा समय बिताउने वनकरिया समुदायमा पछिल्ला वर्षहरूमा क्रमशः परिवर्तन देखिएको छ । आधुनिक जीवनोपयोगी सीपसँग टाढा रहेका वनकरिया समुदायका पाँच किशोरी र एक किशोरले एसएलसी/एसइई परीक्षा उत्तीर्ण गरेका छन् । दुई किशोरी प्राविधिक क्षेत्रमा लागेका छन् । वनकरिया समुदाबाट पहिलोपटक एसइई परीक्षा (२०७२) उत्तीर्ण गरेकी पम्फा वनकरिया ल्याब असिस्टेन्ट टेक्निसियन विषय अध्ययन गरी हाल मनहरीको रजैयामा ल्याब असिस्टेन्टको जागिर खाइरहेको मुखिया सन्तमायाले जानकारी दिइन् ।

पछिल्ला वर्ष सरकारले वनकरिया समुदायलाई जनही मासिक चार हजार रूपैयाँ सामाजिक सुरक्षाबापत भत्ता दिन थालेपछि उनीहरूको आर्थिक अवस्थामा सुधार आएको छ । १८ वर्षदेखि सुकुम्बासीका रूपमा मकवानपुरको मनहरी-४ मुसेधापमा बसोबास गर्दै आएका लोपोन्मुख वनकरियाको आफ्नो नाममा जग्गा छैन । अल्पसंख्यक वनकरियाले जंगलमा फिरन्ते जीवन बिताउँदा कष्ट भएको भन्दै २०६२ सालबाट यहाँको कबुलियती वनमा सरकारले नै बस्न दिएको हो । यही बसोबास गरेकै स्थानमा उनीहरूले सामूहिक लालपुर्जाको माग गर्दै आएका छन् । मुसेधापमा अहिले २५ परिवारमा ९३ जना वनकरिया बसोबास गर्दै आएका छन् ।

नेपालका लोपोन्मुख १० जातिमध्ये वनकरिया एक हो । वि.सं. २०५९ मा लोपोन्मुख आदिवासी जनजातिका रूपमा 'वनकरिया' जाति सूचीकृत भएको हो । करिब दुई दशक अघिसम्म वनजंगलमा फिरन्ते भएर जीवन गुजार्ने यो जातिका नागरिक अहिले मकवानपुरको मनहरि गाउँपालिका-४ वनकरिया बस्तीमा बस्छन् । *रासस*

**घर खाली गरिदिने सम्बन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना !**

*प्रकाशित मिति २०८१/११/२७ गते*

उपरोक्त सम्बन्धमा ओम समाज डेन्टल हस्पिटलको नाममा दर्ता कायम भएको नगर ५/त हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका-१४, कि.नं.५६२ क्षेत्रफल ०-९-३-० जग्गामा बनेको घरमा सुरेन्द्र भण्डारीद्वारा सञ्चालित **लालीगुराँस हस्पिटल प्रा.लि.** सञ्चालन गर्दै आएकोमा उक्त संस्थाले घरबहाल नतिरेको र बाम्बार घरबहाल दिनुहोस् यदि बहाल तिर्न नसक्नु भएमा घर खाली गरी दिनुभन्दा पटक पटक अनुरोध गर्दा पनि बेवास्ता गरी घरभाडा नदिने र घर पनि खाली नगरी दिनु भएकोले यो **३५ (पैतिस)** दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सम्पर्कमा आई घर भाडा बुझाई घर खाली गरी दनुहुन यो सूचना जारी गरिन्छ । अन्यथा नबुझाएमा वा घर खाली नगरी दिएमा कानून वमोजिम गरिने व्यहोरा यसै सूचनामार्फत जानकारी गरिन्छ ।

**ओम समाज डेन्टल हस्पिटल**
**सम्पर्क नं.९८५१२१९३४२**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६७/०७/०९ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **७७१४५** को **केरबेरोज एकेडेमी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/११/२५ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति: २०८१/११/२७**

**न्यु होप लाइभस्टक एण्ड एग्रो बिजनेश प्रा.लि.** को मिति २०८१/०६/०२ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कुवेर मल्ल एक्वाकल्चर प्रा.लि. (प्रा.लि. नं.: २५५५३४)** कायम गर्ने गरी मिति २०८१/०६/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८१/११/२७**

**मल्टिप्रपोज बिउल्ड सर्भिसेस एण्ड सप्लायर्स प्रा.लि.** को मिति २०८१/१०/१३ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मल्टिप्रपोज बिउल्ड सर्भिसेस प्रा.लि. (प्रा.लि. नं.: ३०४६३१)** कायम गर्ने गरी मिति २०८१/१०/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Khandachakra Municipality**
**Office of the Municipal Executive**
**Khandachakra Manma, Kalikot District**
**Karnali Province, Nepal**

**Invitation of Bids**

***First Date of Publication: 2081/11/27 (11/03/2025)***

a. The Khandachakra Municipality, Office of the Municipal Executive, Manma Kalikot intends to apply part of the funds to cover eligible payments under the Contracts stated below. And Bidding is open to all eligible Nepalese Bidders for the Construction works under National Competitive Bidding – Single Stage single Envelope Bidding procedures with contract details as follows :

| S. N. | Identification No. | Description of Works | Estimated Amount (Without VAT & PS Nrs.) | Cost of Bid Document (NRs) | Bid Security Amount (NRs | Bid Security Validity Period | Re-marks |
|---|---|---|---|---|---|---|---|
| 1. | KM/PTAICP/ NCB/W/ 04/2081/082 | Pili Tourism Area Infrastructure Construction Project Khandachakra-7, Kalikot | 8,451,437.64 | 3000.00 | 260,000.00 | 120 days | NCB |

For More Details Eligible Bidders may obtain further information and inspect the Bidding may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

.............................................
**Chief Administrative officer**

प्रभाव दैनिक




## 'झिल्को'को टिजर सार्वजनिक

फिल्म 'झिल्को' को टिजर सार्वजनिक गरिएको छ। झोला फेम्ड निर्देशक यादकुमार भट्टराईको निर्देशनमा बनेको फिल्मको बिहीबार सार्वजनिक टिजरले मोबाइल एडिक्सन अर्थात् मोबाइलको लतले समाजमा पार्ने असरलाई उजागर गरेको छ। टिजरमा मोबाइलले बालबालिकामा परेको असर चित्रण गरिएको देखिन्छ। टिजरमा विशेषगरी अहिलेको पुस्तामा बढ्दो डिजिटल निर्भरता र त्यसले पार्ने मनोवैज्ञानिक, सामाजिक तथा पारिवारिक प्रभावलाई देखाइएको छ। यसमा मोबाइलका कारण सम्बन्धमा आउने दरार, व्यक्तिहरूबीचको दूरी र वास्तविक जीवनभन्दा डिजिटल संसारमा गुम्सिँदै गएका पात्रहरूको कथा झल्किन्छ।






# गायक बम्जनलाई 'योगिता मोक्तान प्रतिभा पुरस्कार'

■ प्रभाव संवाददाता

**काठमाडौं–** गायक तथा संगीतकार जीवन बम्जन 'योगिता मोक्तान प्रतिभा पुरस्कार-२०८१' बाट सम्मानित भएका छन्। गायिका मोक्तानको १४औं स्मृति दिवसको अवसरमा सोमबार एक समारोहबीच बम्जनलाई उक्त पुरस्कार प्रदान गरिएको हो।

नेपाल तामाङ कलाकार संघले गायिका मोक्तानको सम्झनामा स्थापना गरेको यो पुरस्कार २० हजार रूपैयाँ राशिको रहेको छ। संघले प्रत्येक वर्ष एक जना युवा प्रतिभालाई पुरस्कार प्रदान गर्दै आएको संघका अध्यक्ष विशाल काल्तानले बताए।

सोमबार सम्मानित भएका बम्जन गायन, संगीतसँगै शब्द रचनामा पनि सक्रिय रहँदै आएका छन्। उनका 'खुकुरी हैन कर्दाको', 'ज्यान मैच्याङ', 'आङीकी छोरी', 'हाम्रो त आखे', 'सैलुङ मेला', 'ल्होछार खाजी'लगायत दर्जनौं सेलो गीत श्रोता/दर्शकमाझ लोकप्रिय बनेका छन्। बम्जनले सेलो गीत संगीतलाई प्रवर्द्धन गर्न पुऱ्याउँदै आएको योगदानको मूल्यांकन गर्दै योगिता मोक्तान प्रतिभा पुरस्कार प्रदान गरिएको संघका महासचिव खेम मोक्तानले जानकारी दिए।

स्मृतिसभा तथा पुरस्कार वितरण समारोहमा वरिष्ठ गायक तथा संगीतकार चन्द्रकुमार दोङले बम्जनलाई पुरस्कार प्रदान गरेका थिए।




कार्यक्रममा वरिष्ठ गायिका इन्दिरा गोले, वरिष्ठ गायक प्रेम लोप्चन, स्वर्गीय गायिका मोक्तानकी आमा निरुकुमारी गुरुङलगायत तामाङ कलाकारहरूको उपस्थिति रहेको थियो।

संघका पूर्वअध्यक्ष एवं प्रमुख सल्लाहकार विश्व दोङले स्वर्गीय गायिका मोक्तानले तामाङ तथा नेपाली गीत संगीतको क्षेत्रमा पुऱ्याएको योगदानबारे चर्चा गरेका थिए। कार्यक्रमका वक्ताहरूलेसमेत गायिका मोक्तानलाई सम्झिएका थिए।

पाँच सयभन्दा बढी गीतमा स्वर दिएकी मोक्तानको २०६७ फागुनमा असामयिक निधन भएको थियो। उनका 'हेर न हेर', 'कहिले त पूर्वको', 'डम्फु बजाऊ तम्बा दाइ', 'होइ डोल्मो होइ पाल्मो'लगायत दर्जनौं सेलो गीत चर्चित छन्। मोक्तानले दर्जनौं जनवादी गीतमासमेत स्वर दिएकी थिइन्।

## 'हेल्लो काशिराम' जेठ २ गते प्रदर्शन

**काठमाडौं (प्रस)–** गुपचुप रूपमा निर्माण भई सम्पादन समेत पूरा गरेको नयाँ फिल्म 'हेल्लो काशिराम' ले आफ्नो फस्टलुक पोस्टर र प्रदर्शन मिति एकैसाथ सार्वजनिक गरेको छ। पोस्टर सार्वजनिक भएसँगै फिल्मबारे उत्सुकता बढेको छ। निर्माण टिमले आगामी २०८२ जेठ २ गतेलाई प्रदर्शन मिति तय गरेको छ।

पोस्टरमा चर्चित अभिनेता दिलीप रायमाझीलाई एउटा बोको बोकेर हिँडिरहेको देख्न सकिन्छ, जसले दर्शकलाई फिल्म कमेडी शैलीमा निर्माण भएको संकेत गर्छ। फिल्मको कथावस्तु अहिले खुलाइएको छैन, तर निर्माण टिमका अनुसार, छिट्टै सार्वजनिक हुने टिजरमार्फत थप जानकारी उपलब्ध गराइनेछ।

फिल्ममा दिलीप रायमाझीसँगै वरिष्ठ कलाकारहरू सुरविर पण्डित, रामचन्द्र अधिकारी, शुशिल पोखरेल देखिने छन्। त्यस्तै, हालका चर्चित हास्य कलाकार उमेश राई (फुलन्देको आमा), भगेरी डन, नवज्योती रसाइली, सुमन खाँण, अजय न्यौपाने, सरोज केसी, उमेश मायालु समेत विशेष अभिनय रहेको फस्टलुक पोस्टरमार्फत जानकारी दिइएको छ। दर्शकहरूले चर्चित अभिनेत्री प्रियंका कार्कीलाई विशेष गेस्ट कलाकारको रूपमा देख्न पाउने निर्देशक रिम विश्वकर्माले जानकारी दिए।

# 'पिताम्बर'को दोस्रो टिजर



■ प्रभाव संवाददाता

**काठमाडौं–** नयाँवर्ष २०८२ को छेको पारेर आगामी चैत २९ गतेबाट रिलिज हुने फिल्म 'पिताम्बर'को दोस्रो टिजर सार्वजनिक भएको छ। फिल्मका प्रमुख कलाकार प्रदीप खड्काको जन्मदिनको अवसर पारेर निर्माण पक्षले सोमबार टिजर सार्वजनिक गरेको हो।

बुढासुब्बा डिजिटलबाट सार्वजनिक टिजरमा फिल्ममा रहेको प्रदीपका दृश्यहरूलाई मात्र स्थान दिइएको छ। अधिकांश दृश्य एक्सनका छन्। प्रदीपले 'पिताम्बर'मा विभिन्न समयमा दिएका एक्सन स्टन्टलाई टिजरमा प्राथमिकता दिइएको छ। केही दृश्यमा उनलाई सामान्य अवस्थाको पनि देखाइएको छ। टिजर हेर्दा फिल्मका लागि प्रदीपले निकै मेहनत गरेको देख्न सकिन्छ। यसअघि सार्वजनिक टिजर र गीत 'म त फ्यान भए यार'ले चर्चा पाइरहँदा सार्वजनिक नयाँ टिजरले फिल्मलाई थप नयाँ हाइप दिनेमा निर्माण पक्ष ढुक्क छ।

केपी फिल्मस् र पुरुषोत्तम प्रधान फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्ममा प्रदीप खड्का, दयाहाङ राई, सौगात मल्ल, आर्यन सिग्देल, अनुपविक्रम शाही, सुरक्षा पन्त, गौरी मल्ल, रविन्द्र झा, प्रमोद अग्रहरि, कामेश्वर चौरासिया, टिका पहाडी, सुलभ पहाडी, सुरवीर पण्डित, विशाल पहाडी, दिव्यदेव पन्त, सुपुष्पा भट्ट, दिव्या रायमाझी, गौरव विष्ट, आशिष पुरुष, ललित विष्ट, किशोर भट्ट, विनोदकुमार पौडेल, नारायण काफ्ले र रविन्द्र भट्टराईको अभिनय छ।

फिल्ममा बाल कलाकारका रूपमा आर्नव घिमिरे, प्रयुस दत्त सुवेदी, आध्य लामिछाने, आरोह चौलागाईं र सुप्रोल बुढाथोकी (अनमोल)ले समेत अभिनय गरेका छन्।

कृषा चौलागाईको निर्देशन रहेको फिल्ममा विशाल चौलागाईं निर्माता, पुरुषोत्तम प्रधान, आध्य लामिछाने र आरोह चौलागाईं सह-निर्माता, सुमन गौतम कार्यकारी निर्माता छन्। फिल्ममा प्रदीप भारद्वाज र अभिमन्यु निरवीको पटकथा र संवाद, पुरुषोत्तम प्रधानको डीओपी, शेरबहादुर लामा र मानकृष्ण महर्जनको छायांकन, बन्दे प्रसादको सम्पादन, आशीष अविरल र बाबुल गिरीको संगीत, हिमाल केसीको द्वन्द्व छ। फिल्म आरआर फिल्मस्ले वितरण गर्दैछ।

## रंगशाला

### महिला टी-२० आई शृंखला

# हङकङसँग पनि हाऱ्यो नेपाल

■ प्रभाव संवाददाता

**काठमाडौं–** हङकङले वुमन्स डे टी-२० अन्तर ाष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपालमाथि दुई रनको रोमाञ्चक जित दर्ता गरेको छ।

हङकङले दिएको १०१ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै ९८ रन मात्रै बनाएको हो।

नेपाललाई जितको लागि अन्तिम बलमा चार रन चाहिएको थियो। तर, ईश्वरी विष्टले एक रन मात्रै लिन सकेपछि नेपालले प्रतियोगितामा दोस्रो हार बेहोरेको हो।

पहिलो खेलमा नामिबियासँग ६ विकेटले पराजित भएको नेपालले दोस्रो खेलमा घरेलु टोली युगान्डामाथि एक विकेटको रोमाञ्चक जित निकालेको थियो।

हङकङले भने लगातार दोस्रो जित हात पारेको छ। पहिलो खेलमा हङकङ युगान्डासँग आठ विकेटले पराजित भएको थियो। अर्को खेलमा भने हङकङले नामिबियालाई चार विकेटको जित निकालेको थियो।

नेपालकी कप्तान इन्दु बर्माले सर्वाधिक ३२ रन बनाइन्। ३३ बल खेलेकी उनले दुई चौका प्रहार गरिन्। पूजा महतो १९, बिन्दु रावल १४ र सना प्रविण १० रनमा आउट हुँदा रोमा थापा १३ र ईश्वरी दुई रनमा अविजित रहिन्।

अन्य ब्याटरले सम्झनयोग्य प्रदर्शन गर्न सकेनन्। हङकङकी मारिको हिलले सर्वाधिक दुई विकेट लिइन्। एल्सन सिउ र क्यारी चानको नाममा समान एक विकेट रह्यो।


## बेलौरी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**बेलौरी, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

*प्रकाशित मिति : २०८१/११/२७ गते*

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धी सूचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारबाही हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं. | बोलपत्रताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पी.एस. सहित) | कैफियत |
|---|---|---|---|---|
| १. | Road Maintenance works at ward no.2-4-6-10 Belauri Municipality Contract Identification: BELMUN/NCB/R/081/082-04 | PNB Developers, Belauri-04 Kanchanpur | रु. ३२,८८,०२५ | |


### विराट गोल्डकप

# उपाधिका लागि चर्च ब्वाइज र थ्रीस्टार भिड्ने

**विराटनगर (प्रस)–** सहिद स्मारक ए डिभिजन लिग च्याम्पियन चर्च ब्वाइज युनाइटेड विराटनगरमा जारी ९ औं संस्करणको विराट गोल्डकपको फाइनलमा पुगेको छ।

विराटनगर सहिद मैदानमा सोमबार भएको सेमिफाइनलमा विभागीय टिम नेपाल पुलिस क्लबलाई १-० गोलले हराउँदै चर्च ब्वाइज उपाधि दाबेदार बनेको हो। लाक्पा पाख्रिनले गरेको गोलनै चर्च ब्वाइजको जितको लागि निर्णायक बन्यो। बिदेशी खेलाडी एबायोमीले निकालको लामो पासलाई लाक्पाले ७० औं मिनेटमा गोल गरेका थिए।

जितसँगै चर्च ब्वाइजले उपाधिको लागि बुधबार थ्रीस्टारसँग सामना गर्नेछ। थ्रीस्टारले आइतबार विभागीय टिम त्रिभूवन आर्मी क्लबलाई ३-२ गोलले निराश बनाउँदै उपाधि नजिक पुगेको हो। चर्च ब्वाइजले क्वारटफाइनलमा एनआरटीलाई



२-० गोलले हराउँदै सेमिफाइलनमा पुगेको थियो।

पटक-पटक अवसर पाए पनि विराट गोल्डकपको चौथो संस्करणको बिजेता पुलिसले गोल फर्काउन नसक्दा टोलीको यात्रा सेमिफाइनलमै टुंगियो। २०७२ सालमा भएको विराट गोल्डकपको फाइनलमा झापा ११ लाई १-० गोलले हराउँदै पुलिसले उपाधि जितेको थियो।

चर्च ब्वाइजले यो सिजनमा भएको २४ औं आहा रारा पोखरा गोल्डकपमा हारको बदला पनि विराट गोल्डकपमा आएर लिएको छ। ३० माघमा पोखरामा भएको आहा रारा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा पुलिसले चर्च ब्वाइजलाई १-० गोलले पराजित गरेको थियो।

प्यलेर अफ द म्याच चर्च ब्वाइजका गौरव श्रेष्ठ घोषित भए। उनल नगद ११ हजार पाए। विराट गोल्डकपको बिजेताले ११ लाख र उपबिजेले ५ लाख रूपैयाँ प्राप्त गर्नेछन्।


## मरिण गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**कपिलाकोट, सिन्धुली**

### वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८१/११/२७)

वोलपत्र आह्वान सम्वन्धी सूचना बमोजिम तपसिल ठेक्काको लागि म्याद भित्र E–Bid मार्फत दर्ता भएका बोलपत्रहरुको मुल्यांकन गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ङ) को उपनियम ७ तथा Bid Document को Evaluation and Qualification Criteria बमोजिम सारभुत रुपमा प्रभावग्राही भएका बोलपत्रहरु मध्येबाट न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही निम्न अनुसारको वोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट गरिएकोले सोही ऐनको दफा २७ (२) र दफा ४७ को प्रयोजनको लागि सम्वन्धित सवै बोलपत्रदाताहरुको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| बोलपत्र सम्बन्धी सूचना प्रकाशन मिति | बोलपत्र सम्बन्धी सूचना प्रकाशित पत्रिका | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट समेत) |
|---|---|---|---|---|---|
| २०८१/१०/०६ | हिमालय टाइम्स | MRM/Sindhuli/Works/NCB/06/2081-2082 | Gaupalika Adachya Bipanna Nagrik surachit awas karyakram | श्री पचानि कन्स्ट्रक्सन प्रा.लि, क.न.पा -०७, सिन्धुली | ३५,९४,५३८।९० |
| २०८१/१०/०६ | हिमालय टाइम्स | MRM/Sindhuli/Works/NCB/07/2081-2082 | Majhi Rastriya Sanskriti Sangralya Nirman,marin Ga.pa-05,sindhuli | श्री एन एम बि निर्माण सेवा एण्ड सप्लायर्स प्रा लि | ५४,९४,७२९।८४ |
| २०८१/०९/०५ | हिमालय टाइम्स | MRM/Goods/NCB/02/2081-2082 | Majhi Rastriya Sanskriti Sangralya Nirman,marin Ga.pa-05,sindhuli | श्री सबल इन्ट्रप्राइजेज,- क.न.पा ०६ सिन्धुली | ४४,५९,३४७।२५ |

**प्रमुख प्रशासकीय अधिकृत**



चीनको बेइजिङमा आयोजित चिनियाँ जनराजनीतिक परामर्शदात्री सम्मेलन (सिपिपिसिसी)को समापन सत्रपछि तस्बिर खिचाउँदै अल्पसंख्यक जातीय प्रतिनिधिहरू । *तस्बिरः सिन्ह्वा*

# दुई बेलायती 'कूटनीतिज्ञ'लाई देश निकाला गर्ने रूसको घोषणा

**मस्को-** रूसले जासुसी गतिविधि गरेको आरोपमा दुई बेलायती 'कूटनीतिज्ञ'लाई देश निकाला गर्ने घोषणा गरेको छ । दूतावासका द्वितीय सचिव र प्रथम सचिवका पतिलाई निष्कासन गरेको घोषणा गर्दै रुसको एफएसबी सुरक्षा सेवाले भनेको छ, 'प्रतिगुप्तचर कार्यले राष्ट्रिय दूतावासको आवरणमा अघोषित बेलायती गुप्तचर उपस्थिति प्रकट गरेको छ ।'

विज्ञप्तिमा भनिएको छ, 'हाम्रो देशमा प्रवेश गर्ने अनुमति प्राप्त गर्दा यी दुईले जानाजानी गलत जानकारी दिएका थिए, जसले गर्दा रुसी कानुनको उल्लंघन भएको थियो ।'

बेलायतले उक्त आरोपबारे तत्काल कुनै प्रतिक्रिया दिएको छैन । रुसी विदेश मन्त्रालयले उनीहरूको मान्यता रद्द गरेको छ र उनीहरूलाई दुई हप्ताभित्र रुस छोड्न आदेश दिएको छ । मन्त्रालयले दूतावासका अन्य प्रतिनिधिलाई पनि सोधपुछका लागि बोलाएको टेलिग्राममा एक पोस्टमा उल्लेख गरिएको छ । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको २५ वर्षे शासनकालमा गुप्तचर निकायका कारण मस्को र लण्डनबीचको सम्बन्ध तनावपूर्ण बनेको छ ।

बेलायतले सन् २००६ मा लण्डनमा भएको विषाक्त आक्रमणमा पूर्वरुसी एजेन्ट तथा क्रेमलिनका आलोचक अलेक्जेन्डर लिटभिनेन्कोको हत्यामा मस्कोको हात रहेको आरोप लगाएको छ । सन् २०१८ मा बेलायत र उसका सहयोगीहरूले पूर्वडबल एजेन्ट सर्गेई स्क्रिपललाई सोभियत कालको नोभिचोक नामक 'नर्भ एजेन्ट' (विष) खुवाएको आरोपमा जासुस भनिएका दर्जनौं रुसी दूतावासका अधिकारीहरूलाई देश निकाला गरेका थिए ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले क्रेमलिनसँग निकट सम्बन्ध कायम गर्न खोजिरहेको र रुसले युक्रेन द्वन्द्वको दोष अमेरिकाबाट युरोपतिर थोपरिरहेको बेला सोमबारको यस्तो घोषणा आएको हो । *रासस/एएफपी*

# ग्रीनल्याण्डबारे ट्रम्पको भनाइ 'तरंगी'

**नूक-** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ग्रीनल्याण्डमाथि कब्जा जमाउन चाहेको बताउँदै आएको प्रसंगलाई लिएर ग्रीनल्याण्डका प्रधानमन्त्रीले सोमबार उनको यो भनाइलाई 'तरंगी' बताएका छन् ।

सोमबार डेनिस प्रान्तको विधायिकी निर्वाचनको पूर्वसन्ध्यामा प्रधानमन्त्री म्युट एजेडले डेनिस सार्वजनिक रेडियोसँगको कुराकानीमा भने, 'अहिले विश्व व्यवस्था धेरै मोर्चाहरूमा विभाजित भएको र डगमगाइरहेको छ । संयुक्त राज्य अमेरिकाका राष्ट्रपति ट्रम्पले धेरै अप्रत्यासित धारणा सार्वजनिक गर्दै विश्व समुदायलाई तरंगित र असुरक्षित महसुस गराउनुहुन्छ ।'

गत हप्ता अमेरिकी कंग्रेसलाई सम्बोधन गर्दै ट्रम्पले राष्ट्रिय र अन्तर्राष्ट्रिय सुरक्षाका कारण अमेरिकालाई विशाल आर्कटिक टापुको आवश्यकता रहेको तर्क गर्दै ग्रीनल्याण्ड कब्जा गर्ने आफ्नो योजना दोहोर्‍याएका थिए । डेनमार्कबाट ग्रीनल्याण्डको स्वतन्त्रताको समयसीमा निर्धारण गर्दा यस क्षेत्रको चुनावी अभियान हावी भएको छ । ट्रम्पले भनेका थिए, 'हामी आफ्नो भविष्य आफैं निर्धारण गर्ने तपाईंको अधिकारको दृढतापूर्वक समर्थन गर्दछौं र यदि तपाईंले रोज्नुभयो भने हामी तपाईंलाई संयुक्त राज्य अमेरिकामा स्वागत गर्दछौं ।'

अमेरिकाले कुनै न कुनै रूपमा ग्रीनल्याण्ड पाउनेमा आफू विश्वस्त रहेको राष्ट्रपति ट्रम्पले बताए । अमेरिकी कंग्रेसमा कतिपय रिपब्लिकनसमेतलाई हाँसोको विषय बनेका यी योजनालाई धेरै ग्रीनल्याण्डवासीहरूले उपहासको रूपमा लिएका थिए । 'हामी सम्मानका साथ व्यवहार गर्न योग्य छौं तर अमेरिकी राष्ट्रपतिले पदभार ग्रहण गरेदेखि पछिल्लो समय यस्तो गरिरहेको जस्तो मलाई लाग्दैन,' इजेडले भने, 'अमेरिकी राष्ट्रपतिले हालै दिएका अभिव्यक्तिको अर्थ यो हो कि हामी अमेरिकासँग विगतमा जति नजिक थियौं त्यति नजिक हुनु चाहँदैनौ ।'

ट्रम्पले कंग्रेसलाई सम्बोधन गरेको भोलिपल्ट नै इजेडले फेसबुकमा लेखेका थिए, 'ग्रीनल्याण्डका बासिन्दाहरू अमेरिकी वा डेनिस केही पनि बन्न चाहँदैनन् । हामी ग्रीनल्याण्डवासी हौं । अमेरिकी र उनीहरूका नेताले यो कुरा बुझ्नुपर्छ ।' *रासस/एएफपी*

**मोटरसाइकल हराएको सूचना**

मिति २०८१/११/२४ गते शनिबारको दिन भक्तपुर न.पा.वडा. १ सल्लाघारी चौरबाट पल्सर २०० सि.सि को कालो रङ्को मोटरसाइकल हराएको हुदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा मेरो निम्न ठेगाना मा जानकारी गराई सहयोग गरि दिन हुन हार्दिक अनुरोध गर्दछु ।

**तपसिल**

**मोटरसाइकल नम्बर :** बा. प्र. -०२-०५३ प १६९०

**मोटरसाइकलको नाम र सिसी :** बजाज पसल २००NS कालो रङ्को

**च्यासिस नम्बर:** MD2A36FX5RCE98000

**इन्जिन नं.** : MJLXCRE94150

**मोबाइल नं.** : ९८६६८२७८५२

**नाम** : हरिण बस्नेत

# दक्षिण कोरियाले अमेरिकासँग अभ्यास सुरु गर्दा उत्तर कोरियाद्वारा क्षेप्यास्त्र प्रहार

**सियोल-** उत्तर कोरियाले सोमबार 'धेरै अपरिचित ब्यालेस्टिक मिसाइलहरू' प्रहार गरेको दक्षिण कोरियाको सेनाले जनाएको छ । सोही दिन सियोल र वासिङ्टनले फ्रिडम सिल्ड नामक प्रमुख वार्षिक संयुक्त सैन्य अभ्यास सुरु गरेका थिए ।

'हाम्रो सेनाले लगभग १३:५० (०४५० जिएमटी) मा ह्वाङहे प्रान्तबाट पश्चिम समुद्रमा प्रहार गरिएका धेरै अपरिचित ब्यालेस्टिक मिसाइलहरू पत्ता लगाएको छ,' पहेँलो सागर भनेर पनि चिनिने समुद्रलाई उल्लेख गर्दै संयुक्त चिफ्स अफ स्टाफले भने, 'हाम्रो सेनाले संयुक्त राज्य अमेरिकासँग निकट सहकार्यमा निगरानी बढाउने छ र पूर्ण तयारी अवस्था कायम राख्ने छ ।'



संयुक्त राज्य अमेरिकाले दक्षिण कोरियामा दशौं हजार अमेरिकी सैनिक राखेको छ र सहयोगीहरूले नियमितरूपमा संयुक्त अभ्यासहरू गर्छन् । यसलाई उनीहरूले रक्षात्मक प्रकृतिका रूपमा वर्णन गर्छन् । तर त्यस्ता अभ्यासहरूले प्योङयाङलाई प्रभावित पार्छ । अभ्यासहरूले तिनीहरूलाई आक्रमणको अभ्यासका रूपमा लिन्छ र नियमित रूपमा आफ्नै हतियार परीक्षणका साथ प्रतिक्रिया दिन्छ ।

यसअघि सोमबार आणविक-सशस्त्र उत्तर कोरियाले 'एक आकस्मिक एकल गोली' का साथ युद्ध भड्काउने खतराको चेतावनी दिँदै अभ्यासलाई 'उत्तेजक कार्य' का रूपमा निन्दा गरेको थियो । 'यो कोरियाली प्रायद्वीपमा गम्भीर अवस्थाको नेतृत्व गर्ने एक खतरनाक उत्तेजक कार्य हो, जसले आकस्मिक एकल गोलीको माध्यमबाट दुई पक्षबीच भौतिक द्वन्द्व निम्त्याउन सक्छ,' कोरियन सेन्ट्रल न्युज एजेन्सीका अनुसार प्योङयाङको विदेश मन्त्रालयले भन्यो ।

संयुक्त अमेरिका-दक्षिण कोरिया 'फ्रिडम सिल्ड २०२५' अभ्यास सोमबारदेखि सुरु भएको छ र यसमा 'प्रत्यक्ष, भर्चुअल र क्षेत्र-आधारित प्रशिक्षण' समावेश हुने छ । यो अभ्यास मार्च २० सम्म चल्ने विज्ञप्तिमा उल्लेख छ । मार्च ६ मा अमेरिकी सेनासँगको संयुक्त प्रशिक्षण अभ्यासका क्रममा दुई दक्षिण कोरियाली वायु सेनाका लडाकु विमानले गल्तीले गाउँमा आठवटा बम खसालेपछि पछिल्लो अभ्यास आएको हो । उक्त घटनामा नागरिक र सैन्य कर्मचारीसहित करिब ३१ जना घाइते भएको दक्षिण कोरियाको सेनाले जनाएको छ ।

प्योङयाङ र सियोलबीचको सम्बन्ध वर्षौंको सबैभन्दा न्यून बिन्दुमा रहेको छ । उत्तर कोरियाले गत वर्ष संयुक्त राष्ट्रसंघीय प्रतिबन्धको उल्लंघन गर्दै ब्यालेस्टिक क्षेप्यास्त्र प्रक्षेपण गरेको थियो ।

सन् १९५०-५३ को द्वन्द्व शान्ति सन्धिमा नभई युद्धविराममा समाप्त भएदेखि दुई कोरिया प्राविधिकरूपमा युद्धमा छन् । ठूलो मात्रामा हुने फ्रिडम सिल्ड अभ्यासहरू सहयोगीहरूको सबैभन्दा ठूलो वार्षिक संयुक्त अभ्यासहरूमध्ये एक हो । सोमबार आफ्नो बयानमा उत्तर कोरियाको विदेश मन्त्रालयले उक्त अभ्यासलाई 'आक्रामक र द्वन्द्वात्मक युद्ध पूर्वाभ्यास' भनेको छ ।

गत हप्ता प्योङयाङले दक्षिण कोरियाली बन्दरगाह बुसानमा अमेरिकी नौसेनाको विमानवाहक जहाजको भ्रमणलाई लिएर 'राजनीतिक र सैन्य उत्तेजना'का लागि संयुक्त राज्य अमेरिकाको आलोचना गरेको थियो । *रासस/एएफपी*

# अमेरिकाले ८३ प्रतिशत 'युएसएआइडी' कार्यक्रम रद्द गर्ने

**वासिङ्टन-** अमेरिकी विदेशमन्त्री मार्को रुबियोले सोमबार अमेरिकाले अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी नियोग (युएसएआइडी) का ८३ प्रतिशत कार्यक्रमहरू रद्द गरिरहेको बताएका छन् । राष्ट्रपति डोनाल्ड ट्रम्पले जनवरीमा एक कार्यकारी आदेशमा हस्ताक्षर गरे, जसमा उनको प्रशासनलाई विदेशमा खर्चको मूल्यांकन गर्न समय दिनको लागि सबै अमेरिकी वैदेशिक सहायता रोक्न माग गरेको थियो । 'छ हप्ताको समीक्षापछि, हामी आधिकारिकरूपमा युएसएआइडीका ८३% कार्यक्रम रद्द गर्दै छौं,' रुबियोले सामाजिक सञ्जाल प्लेटफर्म एक्समा उल्लेख गरे ।

अहिले रद्द गरिएका पाँच हजार २०० सम्झौतामा अरबौं डलर खर्च गरिएको थियो, जुन संयुक्त राज्यको मूल राष्ट्रिय हितहरूसँग मेल खाँदैन (र, केही अवस्थामा हानि पनि पुर्‍याएको) थियो । युएसएआइडीले विश्वभर अमेरिकी मानवीय सहायता प्रदान गर्दछ । लगभग १२० देशहरूमा स्वास्थ्य र आपत्कालीन कार्यक्रमहरू सञ्चालन गर्दछ ।

रुबियोले सोमबार विशेषगरी सरकारी विभागहरूमा लागत कटौती र रोजगार कटौती गर्ने अभियानमा अर्बपति एलन मस्कको नेतृत्वमा रहेको सरकारी दक्षता विभाग (डिओजिई) लाई धन्यवाद दिए । *रासस/एएफपी*

**साइप्रसमा रोजगार** कम्पनी : D.I. MAIN-LINE JOB AGENCY

पूर्व स्वीकृति मिति : २०८१/०२/२७ | पुनः विज्ञापन स्वीकृति मिति : २०८१/१०/२६ | LT. No. 306044 | चलानी नं. ६०२२०७७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HOUSEKEEPING | 0 | 20 | 700 | १,०५,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : D.I. MAIN-LINE JOB AGENCY

पूर्व स्वीकृति मिति : २०८१/०३/२० | पुनः विज्ञापन स्वीकृति मिति : २०८१/१०/२६ | LT. No. 307196 | चलानी नं. ६०२२१८७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters | 6 | 10 | 1000 | १,५०,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : D.I. MAIN-LINE JOB AGENCY

पूर्व स्वीकृति मिति : २०८१/०२/२७ | पुनः विज्ञापन स्वीकृति मिति : २०८१/१०/२६ | LT. No. 306046 | चलानी नं. ६०२२०७७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 4 | 13 | 700 | १,०५,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

पूर्व स्वीकृति मिति : २०८१/०३/२० | पुनः विज्ञापन स्वीकृति मिति : २०८१/११/२६ | LT. No. 307197 | चलानी नं. ६०२२१८७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 9 | 0 | 1000 | १,५०,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : D.I. MAIN-LINE JOB AGENCY

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ | पुनः विज्ञापन स्वीकृति मिति : २०८१/११/२६ | LT. No. 317365 | चलानी नं. ६०२३१५४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 6 | 0 | 700 | १,०५,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 5 | 0 | 700 | १,०५,६०० | | | | | | | |
| 3 | Factory worker | 2 | 0 | 670 | १,०१,०७५ | | | | | | | |
| 4 | Salesgirl | 0 | 3 | 750 | १,१३,१४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ५ गते (18th March 2025) मा हुनेछ ।
संस्थाको शाखा कार्यालय लेखनाथ नगरपालिक पोखरा कास्कीमा मिति: २०८१ चैत ६ गते (19th March 2025) मा हुनेछ । समय ९: ३० बजे

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | ८०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LANGTANG OVERSEAS PVT.LTD.
Basundhara-03, Kathmandu Nepal. Contact: 014971229, 015903078, 9707312439, 9851354196
Email - info@langtangoverseas.com, Website: www.langtangoverseas.com
Pokhara Contact : 061-570074, 061-570075, Mobile 9810124144, 9856035786
Govt. Lic.No.1643/080/081

Government of Nepal

**Ministry of Energy, Water Resources and Irrigation**

**Department of Water Resources and Irrigation**

**Irrigation and River Management Project**

**Patan, Baitadi**

## Letter of Intent to Award the Contract

***Date of Publication: 2081-11-27 (11th March, 2025)***

Pursuant to sub-articles 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify to all Bidders who submitted their bids for the contracts mentioned below that the following Lowest Evaluated Substantially Responsive bidders are intended to be awarded the Contract.

| S. N. | Name of Work | Contract ID | Name and Address of Successful Bidder | Bid Amount (Including VAT) |
|---|---|---|---|---|
| 1. | Construction of Chhotechaur Irrigation Project. Chhabispathivara-6, Bajhang | DWRI/IRMP Baitadi/ Works/NCB-01/081-82 | M/S Bannimasta Nirman Sewa, Chhabispathivera-03, Bajhang. | NRs.60,66,073.08 |
| 2. | Construction of Parshuramghat Protection Works at left Bank of Mahakali River at Dadeldhura. | DWRI/IRMP Baitadi/ Works/NCB-02/081-82 | M/S Sitaram Nirman Sewa, Parshuram-12, Dadeldhura. | Nrs.80,73,041.53 |
| 3. | Construction of Bhele Khola Latinath Tatbandhan Nirman Project, Marma RM-03, Darchula | DWRI/IRMP Baitadi/Works/NCB-03/081-82 | M/S Kailash Nirman Sewa, Shileshikhar-09, Gokuleshwor, Darchula. | NRs.52,10,330.27 |

**Project Chief**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १७०४०० | प्रति तोला - ० | प्रति तोला - १९८५ |

## 'देशमै रोजगारी सिर्जना गर्न निजी क्षेत्रको महत्त्वपूर्ण योगदान'




■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकभित्रै रोजगारीका अवसर सिर्जना गर्न निजी क्षेत्रको महत्वपूर्ण योगदान रहेको बताएका छन् ।

राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन, २०८१ को उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले उद्यमशीलताको विकास गरी परिस्थितिमा परिवर्तन ल्याउन र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा अघि बढाउन सरकार लागिरहेकाले यसमा निजी क्षेत्रको भूमिका झन् महत्वपूर्ण हुने धारणा व्यक्त गरे ।

उनले विदेशका विभिन्न मुलुकमा गएर नेपालीहरूले श्रम गर्ने तर स्वदेशमा रोजगारीका अवसर सिर्जना नहुने हो भने अर्थतन्त्रको उत्थान नहुने भएकाले विज्ञान प्रविधिको भरपुर उपयोग गरेर उत्पादन र उत्पादकत्व वृद्धि गर्नेतर्फ ध्यान जानुपर्ने बताए । प्रधानमन्त्री ओलीले विश्व बजारमा प्रतिस्पर्धी हुनसक्ने दक्ष जनशक्ति उत्पादन गर्न र स्वदेशमै बढीभन्दा बढी रोजगारी सिर्जना गर्न लाग्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा राष्ट्रिय सीप विकास प्रतिष्ठान र रोजगारदाता कम्पनीबीच समझदारीपत्रमा हस्ताक्षर भएको थियो । यस्तै, प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत एकीकृत श्रम बजार सूचना प्रणाली विस्तारका लागि श्रम तथा रोजगार मन्त्रालय र स्विस एजेन्सीबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

## भरतपुरमा विद्युत् चुहावट घट्यो

■ प्रभाव संवाददाता

**चितवन–** भरतपुर वितरण केन्द्रअन्तर्गतको विद्युत् चुहावट घट्दै गएको छ । चालु आर्थिक वर्षमा चुहावट पाँच दशमलव ६१ प्रतिशतमा झरेको वितरण केन्द्रले जनाएको छ ।

केन्द्र प्रमुख रामु श्रेष्ठका अनुसार विगतमा चुहावट बढेकोमा अहिले विस्तारै घट्दै गएको छ । आर्थिक वर्ष २०७६/७७ मा १० दशमलव ७७, २०७७/७८ मा पाँच दशमलव ४८, २०७८/०७९ मा पाँच दशमलव ४९, २०७९/०८० मा सात दशमलव ६२ प्रतिशत रहेको चुहावट आर्थिक वर्ष २०८०/०८१ मा छ दशमलव ५२ मा रहेको थियो । यस आवमा भने यस विगत वर्षका भन्दा कम चुहावट भएको पाइएको श्रेष्ठले बताए ।

चुहावट नियन्त्रणका लागि सचेता अभिवृद्धिलगायत विभिन्न कार्यक्रम गर्नाका साथै समाजमा साक्षरता बढेसँगै चुहावटमा कमी आएको उनको बुझाइ छ । विद्युत् चुहावटमा कमी आएसँगै ग्राहकको संख्या थपिएको छ । आर्थिक वर्ष २०७६/७७ मा ५७ हजार चार सय ६८ ग्राहक रहेको यस कार्यालयमा हाल ७२ हजार ८१ ग्राहक पुगेको छ । आर्थिक वर्ष २०७६/७७ मा १६ दशमलव दुई करोड युनिट विद्युत् खपत भएको यस केन्द्रले हाल २२ दशमलव तीन करोडभन्दा बढी विद्युत् बिक्री गर्दै आएको छ ।

पछिल्लो समय अनलाइन महसुल बुझाउने ग्राहकको संख्यासमेत बढ्दै गएको छ । आर्थिक वर्ष २०७६/७७ मा ३४ प्रतिशत ग्राहकले अनलाइनबाट विद्युत् महसुल बुझाउने गरेकामा हाल ६२ प्रतिशत ग्राहकले अनलाइन विद्युत् महसुल बुझाउने गरेका छन् ।

## विप्रेषण र विदेशी मुद्रा सञ्चिति बढ्यो

■ प्रभाव संवाददाता



**काठमाडौं–** चालु आर्थिक वर्ष २०८१/८२ को सात महिनाको अवधिमा मुलुकको अर्थतन्त्रको बाह्य क्षेत्र सबल देखिएको छ ।

केन्द्रीय बैंकले सोमबार सार्वजनिक गरेको चालु आव, माघ मसान्तसम्मको तथ्यांकमा आधारित देशको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार नेपालले प्राप्त गर्ने विप्रेषण बढेको छ भने विदेशी मुद्रा सञ्चिति पनि उच्च बिन्दुमा पुगेको छ । यस्तै, चालु खाता र शोधनान्तर स्थिति बचतमा देखिएको छ ।

चालु आवको पछिल्लो सात महिनामा रु नौ खर्ब विप्रेषण भित्रिएको छ । यो अवधिमा विप्रेषण आप्रवाह सात दशमलव तीन प्रतिशतले वृद्धि भई रु नौ खर्ब ५८ करोड पुगेको छ । यही अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीको संख्या दुई लाख ७४ हजार छ सय २२ र पुनः श्रम स्वीकृति लिनेको संख्या एक लाख ९० हजार आठ सय ८६ रहेको छ ।

यस्तै, चालु आवको सात महिनामा चालु खाता रु एक खर्ब ६६ अर्ब ८० करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु एक खर्ब ६२ अर्ब ५२ करोडले बचतमा रहेको थियो । यो अवधिमा खुद पुँजीगत ट्रान्सफर रु पाँच अर्ब ८३ करोड रहेको पनि नेपाल राष्ट्र बैंकले जनाएको छ । यसैगरी, समीक्षा अवधिमा रु सात अर्ब ४५ करोड प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ ।

गत माघ मसान्तसम्म मुलुकको शोधनान्तर स्थिति रु दुई खर्ब ८४ अर्ब ४१ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु दुई खर्ब ९७ अर्ब ७२ करोडले बचतमा रहेको थियो । गत असार मसान्तमा रु २० खर्ब ४१ अर्ब १० करोड बराबर रहेको कूल विदेशी विनिमय सञ्चिति पछिल्लो सात महिनामा १६ दशमलव एक प्रतिशतले वृद्धि भई समीक्षा अवधिमा रु २३ खर्ब ६९ अर्ब आठ करोड पुगेको छ ।

कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति सात महिनामा १३ दशमलव नौ प्रतिशतले वृद्धि भई रु २१ खर्ब पाँच अर्ब १४ करोड पुगेको छ । यस्तै, बैंक तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति ३७ दशमलव एक प्रतिशतले वद्धि भई रु दुई खर्ब ६३ अर्ब ९३ करोड कायम भएको छ ।

हाल मुलुकसँग कायम विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ प्रतिशत रहेको छ । चालु आवको सात महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १७ दशमलव दुई महिनाको वस्तु आयात र १४ दशमलव चार महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने राष्ट्र बैंकले जनाएको छ ।

**मुद्रास्फीति ४.१६ प्रतिशत**

चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव १६ प्रतिशत रहेको छ ।

राष्ट्र बैंकका अनुसार गत माघ महिनामा खाद्य तथा पेयपदार्थको मुद्रास्फीति चार दशमलव ९५ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति तीन दशमलव ७४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरूको मुद्रास्फीति क्रमशः छ दशमलव ५९ प्रतिशत र तीन दशमलव ९८ प्रतिशत रहेको थियो ।

खाद्य तथा पेयपदार्थ समूहअन्तर्गत घ्यू तथा तेल उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक सबैभन्दा धेरै १२ दशमलव ८० प्रतिशत देखिएको छ । त्यस्तै, दाल तथा गेडागुडीको नौ दशमलव ०६ प्रतिशत, तरकारीको सात दशमलव ५६ प्रतिशत र खाद्य तथा खाद्यजन्य पदार्थको छ दशमलव ३६ प्रतिशतले बढेको छ ।

मरमसला उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक भने दुई दशमलव ९८ प्रतिशतले घटेको राष्ट्र बैंकले जनाएको छ । गैर-खाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक १० दशमलव ९१ प्रतिशतले बढेको छ । त्यसैगरी कपडाजन्य तथा जुत्ताचप्पलको पाँच दशमलव ३६, मदिराजन्य पेयपदार्थको पाँच दशमलव ०८, यातायातको पाँच दशमलव ०१, सुर्तीजन्य पदार्थको चार दशमलव १० र फर्निसिङ तथा घरायसी उपकरणको चार दशमलव ०७ प्रतिशतले बढेको छ ।

यो अवधिमा ग्रामीण क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक चार दशमलव ७३ प्रतिशतले बढेको छ भने सहरी क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक तीन दशमलव ९६ प्रतिशतले बढेको छ ।

प्रदेशगत रूपमा यो अवधिमा कोशी प्रदेशको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति छ दशमलव १५, मधेश प्रदेशको तीन दशमलव ९१, बागमती प्रदेशको तीन दशमलव ३५, गण्डकी प्रदेशको तीन दशमलव ४०, लुम्बिनी प्रदेशको चार दशमलव १६, कर्णाली प्रदेशको चार दशमलव ०५ र सुदूरपश्चिम प्रदेशको चार दशमलव ७१ प्रतिशत रहेको छ ।

## आयोजनालाई रघुगंगावासीको ३१ बुँदे माग

**बेनी (म्याग्दी)–** म्याग्दीको रघुगंगा गाउँपालिकामा निर्माणाधीन अवस्थामा रहेका पाँच जलविद्युत् आयोजनासमक्ष गाउँपालिकावासीले ३१ बुँदे माग राखेका छन् । जलविद्युत् आयोजनाहरूले गर्नुपर्ने न्यूनतम दायित्व पूरा नगरेपछि गाउँपालिकाले स्थानीय राजनीतिक दल, सरोकारवाला र जनप्रतिनिधि समेतको व्यापक छलफलबाट जलविद्युत् आयोजनालाई गाउँपालिकाको सामूहिक मागका रूपमा विभिन्न ३१ बुँदे माग तयार गरिएको हो ।

आयोजनाहरूले सामाजिक उत्तरदायित्वको रकम र खर्चको विवरण सार्वजनिक नगरेपछि आइतबार गाउँपालिकामा सर्वदलीय सर्वपक्षीय भेला गरेर आयोजनाहरूले पालिकामा गर्नैपर्ने न्यूनतम माग तयार गरिएको गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले जानकारी दिए । उनका अनुसार आयोजनाका प्रमुखलाई आगामी चैत १ गते गाउँपालिकामा हुने जलविद्युत्सम्बन्धी बृहत् छलफलमा पालिकाले निर्धारण गरेका मागलाई लिखित सहमति गर्ने तयारीसहित आउन पत्राचार गरिएको छ ।

यस गाउँपालिकामा ४० मेगावाट क्षमताको राहुघाट, २२ दशमलव पाँच मेगावाटको ठूलोखोला 'ए', ३५ दशमलव पाँच मेगावाट क्षमताको राहुघाट मंगले, २१ दशमलव तीन मेगावाट क्षमताको ठूलोखोला र ४८ दशमलव पाँच मेगावाट क्षमताको अपर राहुघाट जलविद्युत् आयोजना निर्माणाधीन रहेका छन् ।

वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा प्रस्तावित जलविद्युत् आयोजनाको प्रभाव क्षेत्रभित्र रहेको भौतिक, जैविक, रासायनिक, आर्थिक, सामाजिक, धार्मिक र सांस्कृतिक वातावरणमा पर्ने असर तथा ती असरलाई न्यूनीकरण गर्न निश्चित बजेट नै विनियोजन हुने भए पनि आयोजनाहरूले आफूखुसी उक्त रकम खर्चन थालेपछि जनप्रतिनिधि र स्थानीयले विरोध जनाएका हुन् ।

जलविद्युत् आयोजनाले गत वर्ष गाउँपालिकासँग आफ्नो आयोजना क्षेत्रको पहुँचमार्गसम्मको सडकलाई ग्राभेल गरी स्तरोन्नति गर्ने सहमति गरे पनि अहिलेसम्म कुनै काम नगरेको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाले सरोकारवालाको भेलाबाट तयार गरेको मागमा आयोजनाहरूले खनेको पहुँच मार्गको सडकलाई कालोपत्र गर्नुपर्ने, आयोजनाको कुल लागत अनुमानको बजेट सार्वजनिक गर्नुपर्ने र सामाजिक उत्तरदायित्वबापतको रकमलाई वडा तथा पालिकाको निर्णयानुसार खर्च गर्नुपर्ने माग गरिएको छ ।

पालिकामा सञ्चालित जलविद्युत् आयोजनाहरूले बाँध र विद्युत्गृह रहने क्षेत्रमा ५०० मिटरसम्मको क्षेत्रको ढुङ्गा, गिट्टी, बालुवा पालिकालाई कुनै कर नतिरी प्रयोग गरेको देखिएकाले आयोजनाको स्वीकृति लिँदा नेपाल सरकारको खातामा रकम जम्मा गरिएको भनिएको प्रमाणसमेत गाउँपालिकामा पेस गर्न आयोजनालाई निर्देशन दिइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चेतनाराण भण्डारीले जानकारी दिए ।

गाउँपालिकाले आयोजनाहरूलाई विस्तृत आयोजना प्रतिवेदन र वातावरणीय अध्ययन प्रतिवेदन बुझाउन आग्रह गरे पनि अहिलेसम्म कुनै पनि आयोजनाले उक्त वितरण पालिकालाई बुझाएका छैनन् ।

जलविद्युत् आयोजनाहरूले प्रभावित क्षेत्रका स्थानीयलाई कुल लागतको १० प्रतिशत सेयर सुनिश्चित गर्नुपर्ने, आयोजना निर्माणस्थलमा क्षति भएका घरको क्षतिपूर्ति तत्काल उपलब्ध गराउनुपर्ने, सुरुङ निर्माण गर्दा परम्परागत खानेपानीका मुहान सुक्न गएकाले वैकल्पिक रूपमा खानेपानी र सिँचाइ योजना निर्माण गर्नुपर्ने, आयोजनाबाट भएको वनजंगलको क्षतिको सट्टाभर्ना सम्बन्धित वडामै गर्नुपर्ने र वातावरण प्रदूषणले पुऱ्याएको क्षति न्यूनीकरणका लागि गाउँपालिकालाई उचित क्षतिपूर्ति रकम उपलब्ध गराउनुपर्ने लगायतका माग समेटिएका छन् ।

जलविद्युत् आयोजनाले प्रभावित क्षेत्रका बासिन्दाको मागबमोजिम समुदायको शिक्षा, स्वास्थ्य, खानेपानीलगायतका क्षेत्रमा खर्चिनुपर्ने रकमको पारदर्शिता नभएपछि स्थानीय रुष्ट बनेका छन् भने जनप्रतिनिधि तथा सरोकारवालाले समुदायमा खर्चिने रकमलाई उपयोगी र पारदर्शी बनाउन दबाब दिएका छन् । *रासस*

## नेप्सेमा लगातार गिरावट

### २० अंकले परिसूचक घट्दा ८ अर्बको कारोबार

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा पछिल्लो छ दिनदेखि लगातार गिरावट देखिएको छ । गत हप्ता सोमबारबाट घट्न थालेको नेप्से परिसूचक सोमबार पनि ओरालो देखिएको हो ।

२० दशमलव ६८ अंकको गिरावटपछि नेप्से परिसूचक दुई हजार ७५१ दशमलव ४२ को विन्दुमा कायम भएको छ । ३११ कम्पनीको एक करोड ५० लाख ९४ हजार ९१५ कित्ता सेयर ८७ हजार १५६ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ३७ करोड ८० लाख ५५ हजार बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा अन्य समूह शून्य दशमलव ०८ प्रतिशतले बढेको छभने अरु सबै समूहको उपसूचक घटेको अवस्था छ । सबैभन्दा धेरै 'म्युचुअल फन्ड' तीन दशमलव ०६, व्यापार एक दशमलव ६५, उत्पादन तथा प्रशोधन एक दशमलव १५, जलविद्युत् एक दशमलव १६ र लगानी एक दशमलव ५१ प्रतिशतले घटेको छ ।

त्यस्तै, बैंकिङ शून्य दशमलव ४४, विकास बैंक शून्य दशमलव ७३, वित्त शून्य दशमलव ७०, होटल तथा पर्यटन शून्य दशमलव ९९, जीवन बिमा शून्य दशमलव ४१, लघुवित्त शून्य दशमलव ६३ र निर्जीवन बिमा समूह शून्य दशमलव ६८ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल 'रिइन्स्योरेन्स कम्पनी लिमिटेड'को रु ७३ करोड ५० लाख ९० हजार बराबरको कारोबार भएको छ । कारोबार भएका सेयर संख्याका आधारमा भने सबैभन्दा धेरै 'घलेम्दी हाइड्रो लिमिटेड'को ११ लाख ६३ हजार आठ सय ५५ कित्ता सेयर किनबेच भएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ